श्रमिकहरूको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ भदौ १५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 31 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४

## पर्सामा पाँच सयजना एचआइभी सङ्क्रमित

प्रस, वीरगंज, १४ भदौ/

पर्सा जिल्लामा एचआइभीका पाँच सयजना सक्रिय सङ्क्रमित रहेको तथ्याङ्कले देखाएको छ ।


तस्वीरः प्रतीक

विद्यार्थी जागरण मञ्च वीरगंजले आयोजना गरेको एचआइभी एड्ससम्बन्धी छलफल कार्यक्रममा पर्सा जिल्लामा सक्रिय सङ्क्रमित पाँच सयजना रहेको र त्यसमध्ये लागूऔषध सेवनकर्ता १० जना र महिला यौनकर्मी २३ जना रहेको बताइएको थियो । एचआइभी ३६० का कार्यक्रम संयोजक नीरज साहले पर्सा जिल्लामा अहिले एक हजार ३५५ जना लागूऔषध प्रयोगकर्ता रहेको र उनीहरूलाई सिरिन्ज र कन्डम नियमितरूपमा उपलब्ध गराउनुका साथै उनीहरूको स्वास्थ्य परीक्षण र सक्रिय निगरानीमा राखी सचेतना गर्ने काम गर्दै आएको बताए ।

यसैगरी, जिल्लामा ५५० जना महिला यौनकर्मी रहेको र उनीहरूमध्ये ६४ जनालाई एचआइभी सर्नबाट बच्ने औषधि (पिआरइपी) सेवन गराउँदै आएको बताए । विभिन्न कारणले ठूलो सङ्ख्यामा महिला यौनकर्मीले सो औषधि सेवन गर्न नसकेको उनले बताए ।

यौन सम्पर्कमा संलग्न उनीहरूलाई सो औषधि सेवनबाट सङ्क्रमित हुन जोगाउने संयोजक साहले बताए । उनले यौन सम्पर्कबाहेक सुई प्रयोगकर्ताहरूलाई भने यो औषधि सेवन गरेमा सङ्क्रमण हुन सक्ने बताए ।

लागूऔषध प्रयोगकर्ताहरूमध्ये सानो सङ्ख्यामा मात्र ओएसटी (ओरल सब्टिच्युशन थेरापी) २७ जनाले मात्र प्रयोग गर्दै आएको बताए । नारायणी अस्पतालमा नियमितरूपमा यसका प्रयोगकर्ताहरू २७ जना रहेको उनको भनाइ थियो । ओएसटी सञ्चालन गरेको लामो समय हुँदा पनि लक्ष्य भेटाउन नसकेको उनले बताए । कम्तीमा सयजना लक्ष्य रहेकामा तीसजनाभन्दा बढी बढ्न नसकेको उनको भनाइ छ । अस्पतालमा गएर दैनिक ओएसटी सेवन गर्नुपर्ने भएकोले प्रयोगकर्ता बढ्न नसकेको उनको बुझाइ छ ।

सेभ द चिल्ड्रेनका कार्यक्रम संयोजक अनोज खड्काले कोरोनाकालमा काम गर्न समस्या भएको र सेवासुविधा उपलब्ध गराउन पनि अप्ठेरो भएको बताए ।

वीरगंज महानगरपालिकाका स्वास्थ्य महाशाखाका अधिकृत सुमनचन्द ठाकुरको अध्यक्षतामा भएको छलफल कार्यक्रममा प्रतीक दैनिकका सम्पादक शत्रुघ्न नेपाल, नेपाल रेडक्रस सोसाइटीका कार्यालय प्रमुख उदय शर्मालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## क्षतिको भरपाई नहुन्जेल वार्ता हुँदैन -सञ्चालक

प्रस, वीरगंज १४ भदौ/

जीतपुरसिमरा उपमहानगरपालिका–२ सिमरास्थित जगदम्बा स्टील प्रालिमा शुक्रवार स्थानीयले लगाएको ताला सोमवार पनि खोलिएको छैन ।



शुक्रवार जगदम्बा स्टीलमा भएको तालाबन्दी र तोडफोडका दृश्य । तस्वीरः फाइल

उद्योगमा ग्याँस पाइपलाइन लिक भएर ग्यास फैलिएको विरोधमा स्थानीयले शुक्रवार बिहान उद्योगमा तोडफोड गर्नुका साथै मूलगेटमा तालाबन्दी गरेका थिए ।

तालाबन्दी गर्दै स्थानीयले बारम्बार विरोधका बावजूद उद्योगबाट प्रदूषण नरोकिएको भन्दै आक्रोश व्यक्त गरेका थिए । उनीहरूले सहमति गरेर मात्र तालाबन्दी खोल्ने बताए ।

यता, उद्योग सञ्चालक पवन गुप्ताले वार्ता नहुने बताए । उनले उद्योगमा तोडफोड गरेर ठूलो क्षति भएको र त्यसको क्षतिपूर्ति नहुन्जेल वार्ता नगर्ने बताए ।

उद्योग प्रदूषण नियन्त्रणमा संवेदनशील भएको र बेलाबेलामा प्रदूषण नियन्त्रणका लागि प्रयासरत भएको अवस्थामा उद्योगमा प्रवेश गरेर करोडौंको क्षति गरिएको हुँदा सोको भरपाई कसले गर्ने भन्ने विषय टुङ्गो नलागेसम्म वार्ता नहुने बताए । उनले उद्योगमा लागेको ताला चार दिन बितिसक्दा पनि खोलाउनेतर्फ पहल नभएकोमा चिन्ता व्यक्त गरे ।

अर्बौं रुपैयाँको लगानी रहेको उद्योगमा हजारौं मानिसले रोजगार पाएका छन् । ससाना विषयलाई लिएर बेलाबेलामा स्थानीयले विरोध गर्ने गरेको र यसको उचित टुङ्गो लगाउनुपर्ने सञ्चालक गुप्ताले बताए ।

## विद्युत् प्राधिकरणको बक्यौता २ अर्ब ३२ करोड

प्रस, परवानीपुर, १४ भदौ/

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंज बाँकी बक्यौता उठाउन गत वर्ष असफल देखिएको छ ।



तस्वीरः प्रतीक

तस्वीरः फाइल

केन्द्रको फितलो व्यवस्थापन र केन्द्र प्रमुख शम्भु कुशियैत यादवको उदासीनताका कारण बाँकी बक्यौता उठाउन नसकिएको कर्मचारी स्रोतको दाबी छ ।

कार्यालयले दिएको तथ्याङ्क अनुसार गत वर्ष जरिवाना तथा बिल नतिर्ने उपभोक्ताको लाइन काटेपछि जम्मा ७ लाख ९० हजार २४५ रुपैयाँ मात्र बक्यौता असुल भएको वितरण केन्द्रको लेखा शाखाले जनाएको छ ।

जबकि गत आव २०७७/७८ सम्म वितरण केन्द्रले रु २ अर्ब ३२ करोड ४४ लाख ६७ हजार बक्यौता उठाउनुपर्ने थियो । तर करीब ८ लाख रुपैयाँ बक्यौता उठे पनि अहिले पनि रु २ अर्ब ३२ करोड ३६ लाख ७७ हजार बक्यौता असुली गर्न बाँकी रहेको छ ।

कार्यालय स्रोतका अनुसार कोरोना महामारीमा पर्याप्त मात्रामा अनुगमन गर्न नसक्नु, सरकारी कार्यालयको बक्यौतामा केन्द्रीय निकायले समन्वय नगर्नु, अर्थ मन्त्रालयले बक्यौता मिनहा नगर्नु र बक्यौता असुलउपरमा कार्यालय मौन बन्नु जस्ता कारणले बक्यौता असुलीमा समस्या भइरहेको बताइएको छ ।

बक्यौताको सूची अनुसार उद्योगतर्फ १ अर्ब ६५ करोड १८ लाख ७७ हजार, घरेलुतर्फ ४७ करोड ५९ लाख ६ हजार, व्यापारिक प्रतिष्ठानतर्फ १ करोड ९६ लाख ५४ हजार, गैरघरेलुतर्फ ४६ लाख ८३ हजार, सडकबत्तीतर्फ ८ करोड ९२ लाख ६० हजार, सिंचाइ निकायतर्फ १२ लाख, खानेपानी निकायतर्फ ५ लाख १५ हजार, लाइन काटेर महसूल उठ्न नसकेको ५ करोड ९८ लाख ४६ हजार, आन्तरिक बिजुली खपततर्फ ४१ लाख ५० हजार गरी कुल रु २ अर्ब ३२ करोड ३६ लाख ७७ हजार बक्यौता रहेको छ ।

सडकबत्तीमा वीरगंज महानगर एवं पर्सा र बाराका विभिन्न पालिकाले तिर्नुपर्ने महसूल बाँकी छ ।

दुई वर्षअघि कार्यालयको बक्यौता रु १ अर्ब ९८ करोड रहेको थियो । पहिलेभन्दा हाल करीब ३४ करोड बक्यौता बढेको देखिएको छ ।

## श्रीकृष्ण जन्माष्टमी वीरगंजमा धूमधामले मनाइयो

प्रस, वीरगंज, १४ भदौ/

श्रीकृष्ण जन्माष्टमीको अवसरमा वीरगंजको घडीअर्वास्थित गीता मन्दिर, बिर्तास्थित कृष्ण मन्दिरमा भक्तजनहरूको भीड लागेको थियो ।


तस्वीरः प्रतीक



बिहानैदेखि जन्माष्टमीमा पूजा गर्न बालबालिका, युवती र वृद्धाहरूको घुइँचो लागेको थियो ।

बिर्ताको कृष्ण मन्दिर जन्माष्टमीको दिन वर्षमा एक दिन पूजाअर्चनाको लागि खुला हुन्छ ।

यसैगरी, घडीअर्वास्थित गीता मन्दिरमा यसपटक भव्य मेलासहितको पूजाअर्चना भएको छ । पूजाको लागि बिहानदेखि रातिसम्म भक्तजनको घुइँचो थियो ।

**प्रस, बिरुवागुठी/**

पर्सागढी नगरपालिका अन्तर्गत कृष्ण मन्दिरहरूमा बिहानदेखि भक्तजनहरूको भीड रह्यो । जन्माष्टमीको दिन कोरोनाको कारण यसअघि नै मेला नलाग्ने भनिए पनि पूजाअर्चना गर्नेहरूको घुइँचो लागेको थियो ।

बडनिहार, रामटोल, बर्वाटाँडीमा कृष्ण मन्दिर छ र त्यहाँ बिहानदेखि भक्तजनहरूको भीड लागेको थियो । भदौ ७ गते बसेको बैठकले यस वर्ष पनि जन्माष्टमीको अवसरमा पूजाअर्चनाबाहेक मेला लगाउन निषेध गरिएको थियो । गत वर्ष पनि कोरोनाको कारण मेला लागेन । ४० वर्षदेखि जन्माष्टमीमा यो ठाउँमा भव्य मेला लाग्ने गरेको वडाध्यक्ष उद्धवबहादुर उप्रेतीले बताए ।

## विचारसार र सूक्तिहरू

**मानिस गलतीको खानी हो। सबैमा केही न केही दोष हुन्छ। त्यसैले अरूको दोष नखोजेर उसका गुणहरूमा ध्यान दिनुपर्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## खाए खा, नखाए घिच्

**नेपाल सरकारले नीति त जहिले पनि राम्रो बनाउँछ। अहिले ज्येष्ठ नागरिक (यद्यपि नेपालको कानूनले ६० वर्ष नाघेकालाई भन्छ, तर सरकार ७० ननाघी कुनै सुविधा दिँदैन) लाई निश्शुल्क र अन्य व्यक्तिलाई अति सामान्य शुल्कमा स्वास्थ्य बीमा गरिदिने गरेको छ। यो राम्रो व्यवस्था हो, तर यस व्यवस्थाभित्रको अव्यवस्था बुझ्दा विवेकशील नागरिकले यो सुविधा उपभोग नगर्नु नै उचित ठान्छ। कारण बीमा सुविधा पाउनका लागि सरकारले यस्तो बन्देज लगाइदिएको छ कि बीमा सुविधा 'नखानु न ओकल्नु' बनेको छ। सुविधा लिनै पर्‍यो। ज्येष्ठ नागरिकको त निश्शुल्क बीमा हुने हुँदा, उसले सुविधा नलिए पनि फरक नपर्ला, तर जसले पैसा तिरेर यो सुविधा लिएको छ, तर व्यवहारमा सुविधा पाउँदैन भने बेवकूफ बनेन ? हो यस्तै भइरहेको छ, नेपालमा। बीमा सुविधा प्राप्त गर्न बीमामा उल्लेख गरिएको (प्रायः सरकारी) अस्पताल पुग्नुपर्छ। घण्टौं लाइन लागेर पुर्जा लिएपछि चिकित्सकसँग भेट हुन्छ। चिकित्सकले रोग जाँच गर्छन्। यद्यपि ज्येष्ठ नागरिकहरूलाई स्थायी रोग हुन्छ, जसको उपचार पहिलेदेखि अन्य चिकित्सक वा अस्पतालले गरेको हुन्छ। मुटुरोग, हाइपरटेन्सन, मिर्गौला, मधुमेहजस्ता रोगको औषधि आजीवन खानुपर्ने हुन्छ। फरक यी रोगको अवस्था घटबढ हुँदा कम वा बढी मापको त्यही औषधि चलाइन्छ।**

**अब पालो आउँछ, औषधिको। चिकित्सकले प्रेस्क्राइब गरेको औषधि अन्यत्र लिन पाइँदैन। सरकारी अस्पतालको फार्मेसीमा मात्र पाइन्छ। यो औषधि लिन पनि लामो लाइनमा उभिनुपर्छ। यस सास्तीमा बिरामीलाई भीडजन्य अन्य रोग किन न थपियोस्। फार्मेसीले एकाध सस्तो औषधि दिइहाल्यो भने भाग्य, अन्यथा त्यहाँ औषधि पाइँदैपाइन्न। उसले अर्को बीमा सुविधा दिने अस्पतालमा रेफर गर्छ। त्यहाँ पुनः त्यही प्रक्रिया दोहोर्‍याउनुपर्छ। त्यहाँ पनि सबै औषधि पाइन्छ भन्ने ग्यारेन्टी हुँदैन। अनि लाचार बीमाधारी ज्येष्ठ नागरिकले आफ्नै खल्तीबाट पैसा तिरेर औषधि खरीद गर्छ। आफूखुशी खरीद गरेको औषधिको बिलको भर्पाई बीमा बोर्डले गर्दैन। यसैलाई भनिएको हो–खाए खा, नखाए घिच। एउटा अर्को विडम्बना पनि छ। सरकारी अस्पतालमा कुनै सुविधा छैन भने केही अन्य अस्पताल हुन्छन्, जसलाई बीमाधारीको उपचार गर्ने अधिकार दिइएको हुन्छ। त्यहाँ जाँदा सरकारी अस्पतालजस्तो परेशानी त हुँदैन, तर उसले के उपचार गर्‍यो कति बिल बनायो, उपभोक्ता (बिरामी) लाई थाहा हुँदैन। अस्पतालले भन्छ– सबै उपचारको सूची हुन्छ र बीमा कम्पनीले सोही अनुसार भुक्तानी गर्छ, न बढी न कम। तर रोगीलाई कुन उपचारको आवश्यकता छ, नचाहिने उपचार वा परीक्षण किन गरियो, त्यसको जवाफ न अस्पतालले दिन्छ, न बीमा बार्डले नै।**

**यी कुराको भुक्तभोगी यो स्तम्भकारसमेत बनेको छ। होला, आफ्नो दुःख कसैले नूनखुर्सानी लगाएर बखान गरेको ठानिएला। तर भरतपुर अस्पतालमा यस्तै भुक्तमान त्यसै अस्पतालका स्वास्थ्य बीमा कार्यक्रमका फोकल पर्सन नारायण सापकोटाले बेहोर्नुपरेपछि सरकारको कुत्सित नीतिको पर्दाफाश भएको छ। उनले पत्नीको मिर्गौलाको शल्यक्रिया प्याकेजमा गराए, रु चार हजारको औषधि अस्पतालमा उपलब्ध नहुँदा बाहिरबाट खरीद गरे तर भुक्तानी पाएनन्। यसरी सुविधाको नाममा नागरिकलाई सास्ती र अरूलाई पोस्ने काम सरकारबाट हुनु साह्रै क्षोभको विषय हो।**

# नेपाली काङ्ग्रेसको महाधिवेशनमा नेतृत्वका महत्त्वाकाङ्क्षी

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

देशको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी नेपाली काङ्ग्रेसको १५औं महाधिवेशन आउँदो मङ्सिर महीनामा हुने घोषणा गरिएको छ। महाधिवेशनको निकट रहेको काङ्ग्रेस यतिबेला क्रियाशील सदस्यहरूको अन्तिम नामावली तयार गर्ने कसरत गरिरहेको छ। नेपाली काङ्ग्रेसभित्र जहिले पनि महाधिवेशनअघि सक्रिय सदस्यताको विषयलाई लिएर विवाद हुने गर्दछ। यसपालि पनि सक्रिय सदस्यता वितरणमा अनियमितता भएको भन्दै जिल्ला पार्टी कार्यालयदेखि लिएर केन्द्रीय कार्यालयमा समेत धर्ना, अनशन एवं विरोध प्रदर्शन भएको छ। आन्दोलनकारीहरूको कुरालाई सम्बोधन गरी भरसक अन्तिम सूची जारी हुने अपेक्षा गरिन्छ। विगतका महाधिवेशनहरूको तुलनामा यसपटकको महाधिवेशन अलि बढी नै रोचक एवं प्रतिस्पर्धात्मक हुनेछ। नेपाली काङ्ग्रेसको सात दशक लामो राजनीतिक इतिहासमा भरसक पार्टी सभापति पदको निम्ति वर्तमान सभापति शेरबहादुर देउवाका अतिरिक्त पहिलोपटक प्रकाशमान सिंह र मधेसी समुदायबाट विमलेन्द्र निधिको पनि उम्मेदवारी आउने सम्भावना रहेको छ। प्रकाशमान सिंह तथा विमलेन्द्र निधिलाई जनजाति र मधेसीको परिभाषा र परिधिभित्र राख्नु अन्याय हुनेछ किनभने नेपाली काङ्ग्रेसरूपी रूखलाई पल्लवित, पुष्पित र फल दिने लायक बनाउनमा उनीहरूको व्यक्तिगत र पारिवारिक योगदान पनि कसैभन्दा कम छैन।

स्व विपी कोइराला एवं सुवर्ण शम्शेरको निधनपछि नेपाली काङ्ग्रेसलाई सत्ताको शिखरसम्म पुऱ्याउनमा गणेशमान सिंहको योगदान पनि महत्त्वपूर्ण छ। कोइराला परिवारको भूमिका अग्रणी अवश्य पनि छ तर योगदान अनुसारको सम्मान, मान र स्थान नेपालका कृतज्ञ जनता र काङ्ग्रेसीहरूले कोइराला परिवारलाई प्रदान गरिसकेका छन्। नेपाली काङ्ग्रेसको आगामी महाधिवेशनमा पार्टी कार्यकर्ताहरूले वर्तमान सभापति शेरबहादुर देउवालाई नै पार्टीको नेतृत्व प्रदान गर्ने हुन् कि प्रकाशमान सिंह जस्ता कोही नयाँ नेतृत्व सफल भएर आउने हुन् ? जवाफ त महाधिवेशनले नै देला।

नेपाली कम्युनिस्ट पार्टीभित्रको अन्तरकलह र भूतपूर्व प्रधानमन्त्री केपीशर्मा ओलीको हठका कारण नेका सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व लिने अप्रत्याशित मौका हासिल गरेका छन्। झन्डै दुई तिहाइ बहुमत प्राप्त वाम गठबन्धन सरकार आफ्नै कारणले एक तिहाइको अल्पमतमा आउने अवस्थाको कल्पना त सम्भवतः दुई वर्षअघि स्वयम् शेरबहादुर देउवाले पनि गरेका थिएनन् तर नेपाली राजनीतिमा पद र सत्ताको उच्च महत्त्वाकाङ्क्षाका कारण राजनीतिक अस्थिरताको अन्त्य हुन सकेको छैन।

कुनै पनि राजनीतिक सङ्गठनको महाधिवेशनले पार्टी सङ्गठनलाई ऊर्जावान् बनाउनुका साथै समयसापेक्ष एवं दूरदर्शी नीति एवं कार्यक्रम निर्माण गर्नमा पनि सहयोगी साबित हुने गर्दछ। करीब चार वर्षअघि भएको संसदीय निर्वाचनमा र प्रादेशिक सभाको निर्वाचनमा नेकाले अपेक्षित परिणाम हासिल गर्न सकेन। सातवटा प्रादेशिक सरकार तथा सङ्घीय सरकारको नेतृत्व गर्ने अवस्थामा यो पार्टी रहेन तर वाम गठबन्धनभित्रको अन्तरकलहले उसलाई गण्डकी जस्तो प्रदेशको नेतृत्व गर्ने अवसर प्राप्त भएको छ भने प्रदेश नं २ र ५ मा यसको सम्मानजनक सहभागिता रहेको छ। बिस्तारै अन्य प्रदेशमा पनि पार्टी सहभागी हुने सम्भावना विकसित भइरहेको छ। सङ्घीय सरकारदेखि प्रादेशिक सरकारको नेतृत्व लिनु र केही प्रादेशिक सरकारमा सहभागी हुने अवसर प्राप्त गर्नु नेकाको रणनीति तथा दूरदर्शी सोचको परिणाम होइन, यो त वाम गठबन्धनको असफलताको उपज हो। आगामी महाधिवेशनमा पार्टीले दलित, मधेसी, जनजाति, गरीब र मजदूर वर्गलाई आफूतिर आकर्षित गर्ने खालका नीति तथा कार्यक्रम ल्याउने अपेक्षा गरिन्छ। गत निर्वाचनमा पार्टीले भोगेको असफलताको सूक्ष्म विश्लेषण गर्दै समयसापेक्ष नीति र कार्यक्रमसहित नयाँ नेतृत्वको लागि चुनावमा जानुपर्ने अवस्था आएको छ।

वाम गठबन्धनभित्रको अन्तरकलह एवं विवाद तथा मधेसी दलमा आएको विभाजनका कारण अप्रत्याशितरूपमा देशका युवाहरू पनि नेपाली काङ्ग्रेसतर्फ आकर्षित भएका छन्। सत्तरी वर्ष पुरानो राजनीतिक पार्टीमा १६ देखि २५ वर्ष उमेर समूहका युवा आकर्षित हुनु पार्टीको निम्ति ठूलो सफलता हो। नेकाका कुल सदस्यहरूको सङ्ख्यामा १६ देखि २५ वर्ष उमेर समूहका युवाहरूको सङ्ख्या ५ प्रतिशत जति हुनु सामान्य सफलता होइन। त्यसैगरी, २६ देखि ४० वर्ष उमेर समूहका सदस्यको सङ्ख्या २ लाख २९ हजार छ। यसले नेकामा युवा पुस्ताको उपस्थिति प्रभावशाली रहेको देखाउँछ। एउटा राजनीतिक दलको भविष्य त्यसमा नयाँ र युवा उमेर समूहका सदस्यको भर्ती कति हुन्छ भन्नेमा धेरै हदसम्म निर्भर रहन्छ ? नेका जस्तो पुरानो राजनीतिक पार्टीप्रति देशका युवा पीढीको आकर्षण बढ्नु भनेको देशको लोकतान्त्रिक संसदीय व्यवस्थाको जरो झन् बलियो हुने सङ्केत हो। उपरोक्त कतिपय कुरा नेपाली काङ्ग्रेसका निम्ति सकारात्मक भएपनि पार्टीको नेतृत्व तहमा र खासगरी शीर्ष नेतृत्वमा बाहुन–क्षत्रीबाहेक अन्यले महत्त्व नपाउनु यसको श्याम पक्ष हो।

नेकाले दलित, जनजाति, मधेसी उपेक्षित एवं पीडित वर्गको अपेक्षालाई सम्बोधन गर्ने खालका नीति एवं कार्यक्रम ल्याउनुपर्दछ। जनआन्दोलन–२ को सफलतापश्चात् नेपाली जनतामा अधिकारप्राप्तिको भोक पनि जागेको छ। अब मधेसी, दलित र जनजातिहरू आफ्नो नेतृत्व स्वयम् नै गर्न चाहन्छन्। मधेसी र जनजातिका नेताहरूले पनि आफ्नो जाति एवं समुदायको आर्थिक, सामाजिक एवं राजनीतिक उत्थानमा खासै उल्लेखनीय भूमिका निर्वाह गरेका छैनन् तर अधिकांशमा अधिकारको भोक जगाइदिएर तिनलाई असन्तुष्ट र विद्रोही अवश्य पनि बनाइदिएका छन्। देशमा खुलेका हजारौं एनजिओ र सयकडौं आइएनजिओले पनि देशमा यही काम गरेको छ। नेका देशको सबैभन्दा पुरानो र ठूलो लोकतान्त्रिक पार्टी भएको नाताले नेपाली जनताले सर्वप्रथम यसै पार्टीबाट सबैखाले समस्याको समाधान हुने अपेक्षा राख्नु अस्वाभाविक होइन।

नेकाले आगामी महाधिवेशनमा नेतृत्वको सवालमा पनि ऐतिहासिक निर्णय लिने काम गर्न सक्नुपर्दछ। करीब चार वर्षअघि भएको निर्वाचनमा सत्ताधारी दल भएर पनि पार्टीले ठूलो पराजय भोग्नुको प्रमुख कारण यसको नीतिगत अस्पष्टता नै थियो। समय, काल र परिस्थिति अनुसार तथा जनताको चाहनाबमोजिम आफ्नो दस्तावेजमा परिवर्तन गर्न नसक्ने राजनीतिक दल इतिहासको पानामा सीमित हुन जान्छ। नेकाभित्र व्यापक अन्तरकलह पनि छ। पार्टी सभापति शेरबहादुर देउवा वर्तमान अवस्थामा भरसक पार्टीका वरिष्ठ नेताहरूको सहयोग लिन सकिरहेका छैनन्। कोइराला परिवार, रामचन्द्र पौडेल र प्रकाशमान सिंह जस्ता नेताहरूको सहयोग र समर्थनविना न त नेका नै बलियो हुन सक्छ, न त स्वयम् प्रधानमन्त्री एवं नेकाका सभापति शेरबहादुर देउवा नै। विमलेन्द्र निधिले पनि आफ्नो उम्मेदवारीको घोषणा गरिसकेका छन्। कृष्णप्रसाद सिटौला एवं गगन थापाहरूको सहयोग र भूमिकाले पनि चुनावमा असर पार्न सक्दछ। नेकालाई ऊर्जावान् बनाउन पार्टी सभापतिले एक व्यक्ति–एक पदको सिद्धान्तलाई आत्मसात् गरेमा यसले सङ्गठनलाई अझ बढी बलियो बनाउनेछ। नेकाको आगामी महाधिवेशनप्रति पूरै देशको दृष्टिगोचर भएको छ। समानुपातिक निर्वाचन प्रणालीका कारण कुनै एउटै दलले बहुमत ल्याउन साह्रै कठिन छ तर पनि नेकाको निम्ति अनुकूल वातावरण अवश्य पनि छ। पार्टीले नयाँ नेतृत्वबारे विचार गर्नु आवश्यक छ।

**नेकाको आगामी महाधिवेशनप्रति पूरै देशको दृष्टिगोचर भएको छ। समानुपातिक निर्वाचन प्रणालीका कारण कुनै एउटै दलले बहुमत ल्याउन साह्रै कठिन छ तर पनि नेकाको निम्ति अनुकूल वातावरण अवश्य पनि छ। पार्टीले नयाँ नेतृत्वबारे विचार गर्नु आवश्यक छ।**

# जुद्ध माविको छात्राबास दुर्व्यसनीको अखडा

प्रस, रौतहट, १४ भदौ/

श्री जुद्ध माध्यमिक विद्यालय गौरको नवनिर्मित छात्राबास भवन अहिले लागूऔषध सेवनकर्ताको अखाडा बन्दै गएको छ। प्रदेश नं २ सरकारको आर्थिक सहयोगमा निर्माण भएको छात्राबासमा बिहानदेखि राति १० बजेसम्म लागूऔषध सेवनकर्ताको भीड हुने गरेको छ।





श्री जुद्ध माध्यमिक विद्यालय गौरको नवनिर्मित छात्राबास भवन र त्यहाँबाट बरामद भएका चुरोट र लागूऔषध। तस्वीरः प्रतीक

आइतवार राति ८ बजेतिर लागूऔषध सेवनकर्ताको भीड लागेपछि पत्रकार चञ्चल झाले जिल्ला प्रहरी कार्यालय गौरमा फोन गरी घटनाबारे अवगत गराएपछि लागूऔषध सेवनकर्ताहरूको भगाभाग भएको थियो। प्रहरी टोली समयमैं नआएकोले समाजमा विकृति फैलाउने तत्त्वहरू भाग्न सफल भएको पत्रकार झाले बताए।

गौर नगरपालिका वडा नं २ का अध्यक्ष राकेशकुमार झाले छात्राबास भवनमा प्रहरीको निगरानी गराउने बताए।

विगत केही वर्षदेखि छात्राबासमा विद्यार्थीहरू बस्न छाडेका कारण लागूऔषध सेवनकर्ताहरूको अखाडा बन्दै गएको नेपाल पत्रकार महासङ्घ प्रदेश नं २ का सदस्य शैलेन्द्र झाले बताए।

त्यस्तै, भारतीय दूतावासको आर्थिक सहयोगमा निर्माणाधीन अर्को छात्राबास भवनको अहिलेसम्म निर्माण सम्पन्न भएको छैन। सुनसान ठाउँ देखेर दुर्व्यसनीहरूको जमघट हुने गरेको स्थानीयवासीहरूको भनाइ छ।

## नागढुङ्गा–नौबीसे सडकखण्ड सञ्चालनमा

काठमाडौं, १४ भदौ/रासस

अविरल वर्षापछि खसेको पहिरोका कारण अवरुद्ध नागढुङ्गा–नौबीसे सडकखण्ड सञ्चालनमा आएको छ।

त्रिभुवन राजपथस्थित चिसापानी धारानजीक पहिरो जाँदा आज बिहान ५:३० देखि अवरुद्ध नागढुङ्गा–नौबीसे सडकखण्ड केहीबेरअगाडिदेखि सञ्चालनमा आएको हो।

पहिरोले अवरुद्ध सडक दुईवटा स्काभेटरको सहायताले ६ घण्टापछि सञ्चालनमा ल्याइएको महानगरीय प्रहरी वृत्त थानकोटका प्रमुख प्रहरी नायब उपरीक्षक मोहन खाँणले जानकारी दिए।

चन्द्रागिरि नगरपालिका–२ चिसापानीमा पहिरो झरेपछि राजधानीबाट नागढुङ्गा नाका हुँदै बाहिरिने र उपत्यका भित्रिने सवारीसाधन लामबद्धमा परेका छन्। पहिरोका कारण काठमाडौंतर्फ थानकोट र धादिङतर्फ खानीखोलासम्म सवारी जाम परेको थियो। सुरुङमार्ग निर्माण भइरहेको सिस्नेखोलानजीकै पनि राजमार्ग फराकिलो पार्ने क्रममा सडकमा पहिरो खस्दा पटकपटक राजमार्ग अवरुद्ध हुँदै आएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# विश्व बेपत्ताविरुद्धको दिवस : "कि सास, कि त लाश चाहियो"

काठमाडौं, १४ भदौ/रासस

नेपालमा भएको १० वर्षे सशस्त्र द्वन्द्वपछिको विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ५, २ र ३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धको समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई बुझाउने उल्लेख छ।



तस्वीर: रासस

विस्तृत शान्ति सम्झौताकै बुँदा नम्बर ५, २ र २ मा आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् भनिएको छ। विसं २०५२ फागुन १ गतेदेखि चलेको १० वर्षे सशस्त्र द्वन्द्वलाई शान्ति यात्रामा ल्याउन २०६३ मङ्सिर ५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच १२ बुँदे विस्तृत शान्ति सम्झौता भएको थियो। अहिले विस्तृत शान्ति सम्झौता भएको १४ वर्ष पुगिसकेको छ तर अहिलेसम्म सम्झौताअनुरूप बेपत्ता सार्वजनिक हुन सकेनन्।

शान्ति सम्झौताअनुरूप नै दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्नका लागि मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाई गर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगको २०७१ माघ २७ गते गठन गर्‍यो। सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बने।



**तस्वीर नियाल्दै आफन्त** : अन्तर्राष्ट्रिय बेपत्ता दिवसको अवसरमा गुलरिया नगरपालिका-७ मा आयोजित कार्यक्रममा सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता भएकाको तस्वीर नियाल्दै आफन्तहरू। तस्वीर: रासस

नेपालको संविधान अनुसार दुई वर्षभित्र सम्पूर्ण काम सक्ने भनेर गठन गरिएका यी दुई आयोगमा पहिलो पदाधिकारीले चार वर्षसम्म पनि काम पूरा गर्न नसकेपछि ती पदाधिकारीलाई बिदाइ गरेर नयाँ पदाधिकारी ल्याएको पनि करीब दुई वर्ष हुन लाग्यो तर पीडितले न्याय पाएको अनुभूति गर्न सकेका छैनन्।

आयोगले दोस्रोपटक २०६७ माघ ९ गते नयाँ पदाधिकारी पाएको हो। एक वर्षका लागि भनेर गठन गरिएको आयोगले दोस्रो वर्षसम्म पनि काम पूरा गर्ने देखिएको छैन। आयोगका पहिलो पदाधिकारीले तथ्याङ्क सङ्कलन गर्ने काम गरे।

आयोगमा तीन हजार २४३ वटा उजुरीमध्ये २३७ वटा उजुरी सत्यनिरूपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित भएकाले त्यहाँ पठाइएको थियो। त्यसमध्ये १३१ वटा उजुरी दोहोरो परेको देखिएकाले लगत कट्टा गरिएको छ। साथै २८९ वटा उजुरीमा सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति बेपत्ता पारेको भन्ने नै आधार प्रमाण नदेखिएकाले तामेलीमा राखिएको छ। आयोगले दुई हजार ४९६ वटा उजुरीमा विस्तृत छानबिन गरिरहेको छ। उजुरीका आधारमा दुई हजार ५१३ व्यक्ति बेपत्ता पारिएको भनी आयोगको तथ्याङ्कमा उल्लेख छ।

आयोगका अनुसार २७४ वटा उजुरीमा उजुरीकर्ता बुझ्नेलगायत काम सम्पन्न भएको छ। उजुरी परेका ७५ जिल्लामध्ये ७३ जिल्लाको स्थलगत भ्रमण गरी आयोगले अनुसन्धान गरिसकेको छ भने १५ जिल्लाका १८८ परिवारका ५४० जनालाई पीडित परिचयपत्र वितरणसमेत गरिसकेको छ। "आयोगले अघिल्लो पदाधिकारीले सङ्कलन गरेको उजुरी र अघि बढाएको अनुसन्धानका आधारमा काम अघि बढाएको छ," बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका प्रवक्ता डा गङ्गाधर अधिकारीले भने, "बेपत्ता परिवार पहिचान भइसकेको परिवारलाई परिचयपत्र बाँड्ने काम भइरहेको छ, हालसम्म २४३ परिवारका ६३९ व्यक्तिले परिचयपत्र पाइसकेका छन्।"

आयोगले २०७७ माघ १४ गतेदेखि पीडित पहिचान गरी परिचयपत्र बाँड्न शुरू गरेको थियो। आयोगका प्रवक्ता अधिकारीका अनुसार यो वर्ष ८० प्रतिशतलाई परिचयपत्र वितरण गर्ने योजना छ। आयोगले पीडितको उजुरीका आधारमा पीडकको तालिका बनाइ काम शुरू गर्ने तयारी गरेको छ। "आयोगले परिचयपत्र वितरणको काम सँगसँगै पीडितको उजुरीका आधारमा पीडक पहिचान गरेर तालिकीकरण गरी उजुरीउपर बयान लिने तयारी गरेको छ," आयोगका प्रवक्ता अधिकारीले भने, "दुई/तीन महीनामा यो काम प्रारम्भ हुन्छ।"

आयोगले पीडितलाई परिचयपत्र वितरण गरे पनि त्यो परिचयपत्रले के के सुविधा वा सहुलियत पाउने भन्ने स्पष्टरूपमा केही पनि नखुलेको हुनाले त्यसको कुनै महत्त्व नभएको पीडितको दुःखेको छ।

"मेरो २९ वर्षको जवान पति बेपत्ता पारेको अहिले २१ वर्ष भयो, यतिबेला आएर आयोगले बेपत्ता भएको परिचयपत्र दिएको छ," बेपत्ता पीडित शोभा भट्टले भनिन्, "त्यो परिचयपत्रले के गर्नु ? न बच्चा पढाउन पाउनु, न जागीर खुवाउन पाउनु, न गाडी चढ्दा छुट पाउनु, के काम त्यो ?" प्रश्नको शैलीले उनले बेपत्ता परिवारलाई दिएको परिचयपत्रको कुनै औचित्य नभएको बताइन्।

आफ्ना जीवन सारथि काखमा रहेका कलिला दुई सन्तानलाई हुर्काउने, पढाउने, बढाउने जिम्मेवारी एक्लै पूरा गर्नुपर्ने परिबन्ध शोभालाई आइलाग्यो। सरकारले पटकपटक गरी अन्तरिम राहतस्वरूप पीडितलाई दिएको रु १० लाखले उनले छोराछोरी पढाउने गरेकी छन्।

चन्द्रागिरि नगरपालिका-१३ काठमाडौंबाट २०५८ असोज १८ गते साँझ ८ बजे तत्कालीन विद्रोही पक्षले शोभाका पतिलाई लगेको थियो। आफ्ना पति आज आउलान्, भोलि आउलान् भन्दाभन्दै यतिका वर्ष बिते तर पति घर फर्किएनन्। अझै पनि आफ्ना पति फर्किन्छन् भन्ने आशा शोभामा बाँकी नै छ।

"त्यो बेला बेपत्ता भएका कति भेटिए भन्ने खबर आउँछ, मलाई मेरा पति पनि आउनुहोला कि जस्तो लाग्छ," भट्टले भक्कानिएर आफूलाई सम्हाल्दै केहीबेरपछि भनिन्, "राज्यले कि सास देओस् कि लाश।"

आफ्ना पतिको यथार्थ सार्वजनिक गर्नेभन्दा पनि आयोगमा घरी बोलाएर सोधपूछ गर्ने कहिले परिचयपत्र दिने कामले शोभालाई चित्त दुखेको छ। "मेरो पति बेपत्ता भएको पीडा छँदैछ, खाटो बसेको घाउ कोट्याएर आलो बनाउनेबाहेक केही काम हुँदैन," शोभाले आक्रोशित हुँदै भनिन्, "निर्दोषलाई बेपत्ता बनाएर यति दुःख पाएका छौं, तर राज्यले पीडितको पीडा देखेन।"

आफ्ना पति बेपत्ता भएर वियोगमा जीवन बिताउँदै आएकी शोभा प्रतिनिधि पात्र मात्रै हुन्। त्यस्ता धेरै महिला केही पति बेपत्ता भएर पीडामा छन्। कति द्वन्द्वका समयमा बलात्कारमा परेर अझै पीडामा छन् तर स्वास्थ्योपचारको व्यवस्थासम्म उनीहरूलाई हुन सकेको छैन।

महिला आफ्ना पति बेपत्ता हुँदा पीडामा छन् भने कैयौं पुरुष आफ्नी पत्नी बेपत्ता हुँदा पीडामा छन्। धादिङका परशुराम कोइरालाकी पत्नी १९ वर्षदेखि बेपत्ता छिन्। परशुरामकी पत्नी ३७ वर्षीय गोमा कोइराला २०६० पुस २८ गते राति ९ बजे बेपत्ता भएदेखि आजसम्म सम्पर्कमा आएकी छैनन्। तर परशुरामले बेपत्ता आफ्नी पत्नीलाई बारम्बार सपनामा भेट्छन्। "मेरी पत्नी बेपत्ता भएको यतिका वर्ष भयो तर म अहिले पनि सपनामा भेट्छु, कुरा गर्छु," उनले भक्कानिँदै भने, "शुरूशुरूमा दैनिक सपनामा देख्थें, कुराकानी गर्थें, त्यति बेला हाँसीखुशी देख्ने, आजभोलि ८/१० दिनमा मात्र सपनामा देख्छु, तर रोइरहेको देख्छु।"

परशुरामलाई छोराछोरीले आमालाई सम्झेर रुँदा नराम्रो लाग्छ। "बेलाबेला बच्चाहरू आमालाई सम्झेर भक्कानिन्छन्, म पनि भक्कानिन्छु तर बच्चाको अगाडि सम्हालिनुपर्‍यो," उनले पत्नीवियोगको पीडा सुनाए, "मलाई मेरी पत्नीको कि सास कि लाश देओस् सरकारले, मलाई बेपत्ता पीडित नै भएर बस्न मन छैन।"

द्वन्द्वका बेलामा तत्कालीन माओवादी विद्रोही परशुरामको घरमा बारम्बार भोक लाग्यो भनेर आउँथे। परशुरामकी पत्नीले खाना पकाएर खुवाउँथिन्। खाना नखुवाए माओवादीको डर, खाना खुवाए सेनाको डर थियो। "साह्रै भोग लाग्यो भनेर माओवादी आए, मेरी पत्नीले दाल, तरकारी र अचार बनाएर मीठोसँग खाना खुवाइन्," त्यो बेलाको घटना स्मरण गर्दै परशुरामले सुनाए, "सेनालाई सुराक गरेको भनेर खाना खुवाएकै पाँच दिनपछि माओवादीले लगे, बेपत्ता पार्ने खुलेआम खुशी जीवन बिताएका छन्, हामी रोएर बसेका छौं।" उनको मुख्य माग नै आफ्नी पत्नीको अपहरण गरी बेपत्ता पार्नेलाई सजाय होस् भन्ने छ।

जीवित भए जीवित, नभए लाश देऊभन्दा पनि अहिलेसम्म पाउन सकेका छैनन्। द्वन्द्वका बेला बेपत्ता पारिएका व्यक्तिको सूचीमा रहेका ३१ जना परिवारको सम्पर्कमा आएका छन्। आफ्ना बेपत्ता भएका आफन्त पनि आउँछन् कि भन्ने आशा अझै बाँकी छ।

परशुराम जस्तै धेरै पति द्वन्द्वमा पत्नी बेपत्ता भएको वियोगमा बाँचिरहेका छन् तर सरकारले गठन गरेको आयोगले न्याय दिनेमा द्वन्द्वपीडितलाई आशा छैन। द्वन्द्वपीडितको त्यति ठूलो माग पनि छैन। "पीडितले न्याय माग्नु गलती हो र ? पीडितले पनि यो देशमा सम्मानपूर्वक बाँच्न पाउनु त पर्‍यो नि," द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीले भने, "द्वन्द्वरत पक्षले पीडितसँग माफी मागोस्, स्वास्थ्योपचार, शिक्षा र रोजगारमा सहयोग गरोस्, अरू केही चाहिंदैन।" उनलाई विस्तृत शान्ति सम्झौता भएको ६० दिनभित्र बेपत्ता सार्वजनिक गर्ने भनिएको सम्झौता अनुसार त्यो ६० दिन कहिले आउँला भन्ने लागेको छ।

"शान्ति सम्झौता भएको १५ वर्ष हुन लागिसक्यो, ६० दिन किन आउँदैन," अधिकारीले भने। सरकारले समयमैं ऐन संशोधन गरेर तत्काल पीडितलाई न्याय दिनुपर्ने र सङ्क्रमणकालीन न्यायलाई लम्ब्याउन नहुने उनको सुझाव छ। नेपालमा १० वर्षे सशस्त्र द्वन्द्वजस्तै विश्वमा बलपूर्वक बेपत्ता हुनेको सङ्ख्या ठूलो छ। आइसिआरसीको सन् २०२० को प्रतिवेदन अनुसार विश्वभर एक लाख ४५ हजार व्यक्ति बेपत्ता भएका थिए। ती बेपत्ता हुनेमध्ये खासगरी आन्तरिक द्वन्द्व, राजनीतिमाथि फरक धारणा राख्ने समूहले व्यक्ति बेपत्ता पार्ने गरेको प्रतिवेदनमा उल्लेख छ। बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको सम्झनामा विश्वभर नै आज अगस्त ३० लाई विश्व बेपत्ताविरुद्धको दिवसका रूपमा मनाउने गरिएको छ।

नेपालमा पनि १० वर्षे सशस्त्र द्वन्द्वका बेलामा बेपत्ता पारिएका व्यक्तिको अवस्था अझै सार्वजनिक हुन सकेको छैन। पीडितले कि सास, कि त लाश चाहियो भनेर आवाज उठाइरहेका छन्। पीडितलाई न्यायको अनुभव हुनेगरी सरकारले सम्बोधन गर्न जरुरी देखिन्छ।

# अस्पतालमा अक्सिजन प्लान्ट स्थापना

प्रस, सप्तरी, १४ भदौ/

सप्तरीको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा अक्सिजन प्लान्ट स्थापनाको सम्पूर्ण तयारी पूरा भएको छ।



तस्वीर: सौजन्य

जडान हुने प्लान्टबाट दैनिक २८० वटा सिलिन्डर अक्सिजन भर्न सकिने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रञ्जीत झाले जानकारी दिए।

तीन करोड ७३ लाख मूल्य लगानीको सो प्लान्ट स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपलब्ध गराएको हो। प्लान्ट जडानको आवश्यक सामग्री तथा उपकरणहरू अस्पतालमा आइसकेको तर अस्पताललले निर्माण गर्नुपर्ने थोरै काम बाँकी रहेकाले उक्त काम सम्पन्न हुने बित्तिकै प्लान्ट जडान गरिने मेसु डा झाले बताए। प्लान्ट स्थापनाका लागि अस्पतालमा 'सेड' तयार भइसकेको र ढलानको काम मात्र बाँकी रहेकाले तीव्रगतिमा काम भइरहेको छ।

राजविराजमा अक्सिजन प्लान्ट सञ्चालन भएपछि सप्तरीसहित उदयपुर, सिराहा र सुनसरी जिल्लाका अस्पतालहरूमा पनि अक्सिजन आपूर्तिमा सहज हुने चिकित्सकहरूको विश्वास छ।

# ४०५ लिटर अवैध घरेलु मदिरा नष्ट

प्रस, निजगढ, १४ भदौ/

इलाका प्रहरी कार्यालय निजगढले २७ वटा जर्किनमा बरामद गरिएको ४०५ लिटर अवैध घरेलु मदिरा सोमवार नष्ट गरेको छ।


तस्वीर: प्रतीक

एक महीनायता विभिन्न समयमा बरामद गरेको उक्त मदिरा नष्ट गरेको इप्रका निजगढले जनाएको छ। राजमार्ग हुँदै वीरगंज, जीतपुर, सिमरा, हेटौंडालगायतका शहरमा यात्रुवाहक बस, अटोरिक्शामा लुकाइछिपाइ लैजाने क्रममा चेकजाँचको क्रममा प्रहरीले बरामद गरेको प्रहरी निरीक्षक शङ्कर चौधरीले जानकारी दिए। घरेलु मदिराको उत्पादन र बिक्री वितरण कानूनले वर्जित गरेकोले बरामद गरी नष्ट गरेको प्रनि चौधरीले बताए।

सो मदिरा जनप्रतिनिधि, निजगढ नगर उद्योग वाणिज्य सङ्घका प्रतिनिधि, सञ्चारकर्मीलगायतको रोहबरमा नष्ट गरिएको हो।

निजगढ नपाको रतनपुर, लाल, सिगौलमा मदिरा उत्पादन हुने र पूर्वबाट पश्चिम जाने यात्रुबाट पनि बरामद गरिएको जनाउँदै संलग्न व्यक्ति भने पहिचान नभएको र सम्पर्कमा पनि नआएको प्रहरीले जनाएको छ।

# मनसुन कमजोर हुँदै

काठमाडौं, १४ भदौ/रासस

विगत केही दिनयतादेखि सक्रिय रहेको मनसुन क्रमशः कमजोर हुँदै जाने भएको छ। पूर्वी तराईको भूभागनजीक रहेको मनसुनको न्यूनचापीय रेखा आजदेखि नेपालबाट बाहिरिने क्रम सुरुआत भएसँगै मनसुन बिस्तारै कमजोर हुँदै जाने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् राजु प्रधानाङ्गले जानकारी दिए।

हाल देशभर सामान्यदेखि पूर्ण बदली रही गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ। दिउँसो देशका अधिकांश भूभागमा सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहनुका साथै लुम्बिनी, वाग्मती, गण्डकी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको औंल्याएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १४ दशमलव दुई डिग्री र सबैभन्दा धेरै जनकपुरको अधिकतम तापक्रम ३० दशमलव चार डिग्री सेल्सियस रहेको छ।

# करेन्ट लागेर महिलाको मृत्यु

प्रस, सप्तरी, १४ भदौ/

मोटरमा जोडेको बिजुलीबाट करेन्ट लाग्दा सप्तरीमा एकजना महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा महादेवा गाउँपालिका-१ पकरी टोला निवासी ५३ वर्षीया अमिरकादेवी सदा रहेको प्रहरीले जनाएको छ।

सोमवार बिहान पानी लिन चापाकलतर्फ जाने क्रममा चापाकलमा जडान गरिएको मोटरमा जोडिएको विद्युत्को तारमा खुट्टा टेकेपछि महिलालाई करेन्ट लागेको थियो। उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पुर्‍याइएकोमा चिकित्सकले मृत घोषणा गरेका हुन्।

मृतकको शवलाई शल्यपरीक्षणका सोही अस्पतालमा राखिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए।

# आगामी दिनमा विश्वको नेतृत्व भारतले गर्नेछ

सबैले यो चाहन्छ कि परिस्थिति सुख–शान्तिले भरिएको होस्। धर्तीमा स्वर्गको अवतरण, पुरातनकालीन त्यो कल्पना हो, जसलाई साकार गर्ने सपना हरेक भावनाशील बुद्धिजीवीहरूले अहिले हेरिरहेका छन् । सम्पूर्ण विश्वमा समझदार भनिने विज्ञजनहरूको दृष्टि भविष्यमाथि टिकेको छ। उनीहरू यस्तो दुनियाँको कल्पना गरिरहेका छन्, जसमा युद्ध, पारस्परिक द्वेष, सम्प्रदाय–जन–कलह एवं नैतिक मूल्यप्रति बढ्दो अनास्थाको कुनै स्थान नहोस्। तेस्रो दुनियाँका राष्ट्र आफ्नो वर्तमान समस्यामा यति अल्झिएका छन् कि उनीहरूसँग भविष्यको विषयमा सोच्ने समय पनि छैन, न त सुविधा नै छ। तर पनि छुटपुट प्रयास व्यवस्था तन्त्र एवं धर्मतन्त्र दुवै मञ्चबाट चल्दै आइरहेको छ। तर पश्चिमाजगत्ले भविष्यको बारेमा धेरै कुरा सोचेको छ, योजना बनाएको छ एवं सन् २००० को एउटा झाँकी दिने प्रयास पनि गरेको छ। यसबाट यो आभास हुन्छ कि यदि प्रगतिको वर्तमान तीव्र दौड यथावत् रहन्छ भने भविष्य कस्तो हुन्छ ? यस विज्ञानलाई जसमा साङ्ख्यकीय गणना एवं उपलब्ध तथा सम्भावित आँकडाको आधारमा चिन्तन गरिन्छ, फ्युचरोलोजी (भविष्य विज्ञान) नाम दिइएको छ, जुन पछिल्लो एक दशक मात्रको उत्पत्ति हो। युटोपिया एउटा यस्तै प्रकारको विद्या हो, जसमा वैज्ञानिकहरू कल्पना गर्छन्। जुन उपलब्ध तथ्यलाई मूल आधार बनाएर गरिन्छ।

कुहिएको अन्न यदि सम्हालेर राखियो भने विषको रूप लिन्छ। उपलब्ध सुख–सुविधाको साधन दुरुपयोग गर्नाले सङ्कटको स्वरूप लिन्छ। समृद्धितन्त्र, जसमा खाद्य व्यवस्था, जनसङ्ख्या एवं स्वास्थ्य, उत्पादन–उपभोग व्यवस्था, ऊर्जा, शिक्षा जस्ता सार्वजनीन व्यवस्था सन्निहित छ, एउटा यसै आधारमा टिकेको छ, जसलाई प्लानिङ (योजना) भनिन्छ । यदि दूरदर्शितापूर्ण संवर्धन र सदुपयोग निर्वाहको साधनको प्रयोग गरिएन भने यो साधन नै भस्मासुरको रूप धारण गरेर विश्वलाई नै नष्ट गर्नेछ। भविष्यविद् यसैले समय–समयमा मिलेर बसेर विचार गर्छन् एवं स्वर्णिम युग ल्याउने सही उपाय आँकडाको आधारमा सुझाव दिन्छन् ।

पछिल्लो दिनमा तीन प्रख्यात अमेरिकी चिन्तक जसले यस विषयमा थुप्रै पुस्तक लेखेका छन्, परस्पर मिलेर बसे एवं उनीहरूले आफ्नो अध्ययन, चिन्तन र अनुमानको आधारमा बताए कि विश्वको भविष्य उज्ज्वल छ। "दुनियाँ कता गइरहेको छ ?" यस शीर्षकबाट फिल्म बनाइरहेका अमेरिकी टेलिभिजन संवाददाता केल्विन सेन्डर्सले डा मार्गरेटमीड (अब स्वर्गीय), हरमन कोन एवं विलियम टामसनसँग साक्षात्कार गरे। स्पान पत्रिका (अप्रिल १९७९) मा प्रकाशित यस विचारमन्थनमाथि सम्पूर्ण विश्वका बुद्धिजीवीहरूको ध्यान गएको छ । वस्तुतः अहिलेसम्म जुन–जुन बुद्धिजीवीले आफ्नो चिन्तन दिएका छन्, यो निषेधात्मक नै भएको छ। यी तीन भविष्यविद्ले आशावादी दृष्टिकोणबाट थुप्रै पुस्तक पनि लेखेका छन् र भनेका छन् समृद्धतन्त्र आफ्नो बाटो बदलिनमा पूर्णरूपले समर्थ छ। त्यसलाई सही चिन्तन दिने मनीषी पनि विश्वमा छन्, जुन तेस्रो दुनियाँ जसमा भारत पनि सामेल छ, उदित भएर एउटा स्वर्णिम युग आगामी बीस वर्षमा ल्याएर देखाउनेछ।

### युग परिवर्तन कसरी र कहिले

स्व डा मार्गरेटमीड अमेरिकन म्युजियम अफ नेचुरल हिस्ट्रीकी अध्यक्ष थिइन्, नृतत्त्व विज्ञानमा उनको गहिरो अध्ययन थियो एवं उनले कमिङ अफ एन एज, कल्चर एन्ड कमिटमेन्ट, ए स्टडी अफ जेनरेशन ग्याप नामक बेस्टसेलर पुस्तक लेखेकी छन् ।

> **मनुष्यले गलती गर्छ। तर भूल सुधार्नु पनि उसको एउटा सहज प्रवृत्ति हो। आगामी दिनमा भूल बुझ्न र सुधार्न अभियान चल्छ। यस कुरालाई भविष्यवेत्ताले भन्दैछन्, ग्रहगणितका ज्योतिषीले पनि यही भन्छन्। वैज्ञानिक ( फ्युचरोलोजिस्ट) भन्दैछन् तथा कम्प्युटरसम्मले यस्तो सम्भावना दिँदैछ।**

हरमन कोन 'हडसन इन्स्टिच्युटका निर्देशक हुन् एवं सन् २००० सम्म 'आगामी दुई सय वर्ष' नामक पुस्तकबाट निकै ख्याति पाइसकेका छन् । भविष्य विज्ञानको तेस्रो विशेषज्ञ विलियम दूरबिन थामसनले एट दि एज अफ हिस्ट्री, डार्कनेस एन्ड स्केटर्ड लाइफ एवं एसेज अन फ्युचर नामक पुस्तक लेखेका छन्। उनले प्रमुख दार्शनिक, बुद्धिजीवी, कलाकार तथा वैज्ञानिकको एउटा मिल्दोजुल्दो संस्था बनाएका छन्, जसको उद्देश्य हो, आगामी भूमण्डलीय संस्कृतिको अध्ययन एवं सुनियोजित निर्धारण।

डा मार्गरेटमीडका अनुसार यद्यपि आधुनिक जगत्लाई संस्कृति, जाति, लिङ्ग, पीढी एवं धर्ममतको विभिन्नता एवं त्यसमा बढिरहेको तनावको सामना गर्नुपरिरहेको छ । तथापि विकेन्द्रीकृत औद्योगीकरणको एउटा स्वरूप एवं सार्वभौम विश्व संस्कृतिको एउटा मञ्च आगामी दिनमा तेस्रो दुनियाँबाट आउनेछ, जसले पाश्चात्यजगत्लाई पनि मार्गदर्शन गर्नेछ । उनका अनुसार भवियमा यस्तो कुनै वस्तु हुँदैन, जुन अस्तित्वमा आएको हुनेछैन । वस्तुतः एक्काइसौं शताब्दीमा प्रवेश गरी जुन पीढीले भविष्यको फैसला गर्नेछ, त्यो आज जन्म लिइसकेको छ। यसै कारण हाम्रो आजको योजना, हाम्रो चिन्तन, व्यवस्थासम्बन्धी सुझावको एउटा सुनिश्चित प्रभाव यस पीढीमाथि परिरहेको छ । यसलाई हामीले रोक्न सक्दैनौं । आगामी पीढीले अमेरिकी ग्लैमरको नक्कल गर्नेछैन अपितु त्यो यी दबाब तथा तनावको मध्यबाट गुज्रेर–तपेर विकेन्द्रीकरण एवं प्राकृतिक जीवन–व्यवहारलाई नै आफ्नो आदर्श बनाउनेछ।

डा हरमैन कोन भारतको यात्रा गरिसकेका छन् । उनको भनाइ थियो भारतको बीस प्रतिशत व्यक्ति आधुनिक खण्डमा छ, जसले तीव्र गतिले प्रगति गरिरहेको छ, चालीस प्रतिशत अर्ध आधुनिक खण्डमा छ, जहाँ रबर टायरयुक्त बयलगाडी प्रयुक्त हुन्छ एवं गाउँमा ससाना उद्योग छन्, शेष चालीस प्रतिशत प्रगतिको दिशामा अग्रसर छ । यो एउटा राम्रो लक्षण हो । जब यस देशको तुलना औद्योगीकरणको दृष्टिबाट प्रगतिशील देशबाट गरिन्छ, तब निष्कर्ष यही निस्किन्छ कि भारत जस्तो अर्ध औद्योगीकृत राष्ट्रको भविष्य उज्ज्वल छ। संसाधनको उपलब्धि अब चरमसीमामा छ । आज पश्चिमी देशमा प्रविधि ध्वसंकारी एवं आक्रामक हुने स्थितिमा आएको छ । वास्तवमा आज दुनियाँको ठूलो जनसङ्ख्यालाई ठूलो प्रविधिबाट बनाइएको बढी सङ्ख्यामा वस्तुको आवश्यकता छ। जरूरत छ कि बढीभन्दा बढी सङ्ख्यामा व्यक्तिले वस्तुको निर्माण गरोस् ताकि बढीभन्दा बढी व्यक्तिको लागि जीविकोपार्जनको साधन जुटाउन सकियोस् । यस प्रकारको गाँधीवादी अर्थशास्त्रको उनी वकालत गर्दछन् र भन्छन्, मेरो आफ्नो हिसाबले तपाईंहरू (भारतीय)ले निकै राम्रो प्रगति गरिरहनुभएको छ ।

हरमन कोनका अनुसार तेस्रो दुनियाँको (अर्ध विकसित एवं विकासशील देश) अपराध यो छ कि त्यो आफ्नो समस्याद्वारा वस्तुलाई नदेखेर पाश्चात्य जिन्दगीको लगभग नक्कल गरिरहेको छ, उसको लागि पश्चिमी दुनियाँको मूल्य नै सर्वोच्च मूल्य हो तर स्थिति बदलिनेछ। विश्वको ३० प्रतिशत गरीब क्षेत्रमा यति प्रगति हुनेछ, जुन कि रोमन साम्राज्यको सर्वश्रेष्ठकालमा त्यहाँको निवासीको भएको थियो ।

डा थामसनका अनुसार आगामी दिन खाद्यान्न एवं भौतिक साधनको विपुलतामाथि होइन, मानवी चेतनाको सम्पूर्ण क्रान्तिमाथि एउटा विचार पूर्वबाट उठेर आउँछ । मानवी संस्कृतिको विकासको दृष्टिबाट, आदर्शको दृष्टिबाट एवं सम्पूर्ण विश्वको लागि भूतकालमा भइरहेको उसको भूमिकाको दृष्टिबाट भारतले नै विश्व संस्कृतिको नेतृत्व गर्नेछ। टायनबीलाई उद्धृत गर्दै उनले भनेका छन् पश्चिमको भौतिकवाद पूर्वको अध्यात्मवादसँग सांस्कृतिक सामञ्जस्य एक भविष्यवाणी हो, जुन निश्चिततः सत्य भएर रहनेछ । पूर्वका अध्यात्मवादीले भौतिकताबाट समन्वित एउटा संस्कृतिको विकास आगामी दिनमा यस प्रकार गर्नेछन्, जसमा समग्र विश्व संस्कृतिको एउटा उत्कृष्टम उदारवादी स्वरूप आउनेछ । यसलाई उनले पैथेगोरियन सिन्थेसिस नामले सम्बोधित गर्छन् ।

जसरी विज्ञानको क्षेत्रमा पछिल्लो तीन दशकमा अभूतपूर्व क्रान्ति आएको छ, त्यसभन्दा बढी नै सांस्कृतिक एवं आध्यात्मिक क्षेत्रमा परिवर्तन सम्भावित छ, यस्तो कल्पना थामसनले वर्तमान परिस्थितिको आधारमा गरेका छन् ।

अमेरिकामा अर्थ विशेषज्ञमा प्रथम पङ्क्तिमा गनिने लिन्डन एच लारोच एवं अन्य अमेरिकी विशेषज्ञका कम्प्युटर अध्ययनको आधारमा यो अनुमान छ कि वर्तमान औद्योगीकरणको व्यवस्था, आणविक ऊर्जाको सदुपयोग एवं प्रविधिको ज्ञानको दृष्टिबाट प्रखर बुद्धिजीवीको प्रचुरताको कारण भारत आगामी ४० वर्षमा सुपर पावरको श्रेणीमा आउनेछ र अमेरिका एवं रसियाभन्दा पनि पहिले उसको नाम हुनेछ। प्रकारान्तरबाट यो हरमन कोनको कथनको पुष्टि हो । यस कम्प्युटर प्रोग्रामको नाम थियो, "१९८०–२०२० सम्म भारतको औद्योगीकरण पछडिएको देशबाट ४० वर्षमा विकसित देशको रूपमा रूपान्तरण।" अगस्त १९८० को अन्तिम सप्ताहमा पिटिआईलाई दिएको एउटा भेटमा लाराचले भारतको भविष्यलाई उज्ज्वल बताए र भने आफ्नो सांस्कृतिक गरिमा एवं आध्यात्मिक परम्पराको कारण भारत सम्पूर्ण विश्वको नेतृत्व गर्ने स्थितिमा आइसकेको छ । वर्तमान राजनीतिक एवं आर्थिक हलचलबाट कोही पनि आशङ्कित हुनुपर्दैन। (स्टेट्समैन ८ सेप्टेम्बर १९८०)

यसको मूल कारण स्पष्ट गर्दै उनी भन्छन्– प्रविधि ज्ञानको दृष्टिबाट यस समय सर्वाधिक सम्पन्न भारत वर्ष छ। यदि उसको मूर्धन्य प्रतिभा आफ्नो कार्यक्षेत्रको परिधिलाई पूरै देशमा फैलाउँछ, गामीण क्षेत्रमा उपलब्ध उत्पादनमा समर्थ संसाधनको उचित उपयोग गर्छ तथा अनियोजित व्यवस्थाबाट हुने अपव्ययलाई रोक्नमा सहायता दिन्छ भने भारतको मात्र प्रथम श्रेणीको राष्ट्रमा गन्ती हुँदैन, उसले सम्पूर्ण विश्वलाई दिशा निर्देश गर्नमा समर्थ रहनेछ ।

यस्तो अनुमान छ कि सन् २०२० सम्म भारतमा श्रमिकको कुल सङ्ख्या २३ देखि २४ करोडको बीचमा हुनेछ, जुनकि अमेरिका, रसिया, पूर्व एवं पश्चिम युरोपको सम्मिलित श्रमिकभन्दा बढी हुनेछ। यदि उपलब्ध भूमि (उब्जाउ) को सत्तर प्रतिशत पनि सिञ्चित गरिन्छ भने अन्नको उत्पादन प्रतिवर्ष करीब एक खर्ब टन पुग्नेछ । यदि यस्तो भयो भने भारत सम्पूर्ण विश्वलाई अन्न दिने स्थितिमा हुनेछ । यो सम्पूर्ण कम्प्युटर स्टडी एउटा आशावादी स्वरूपमा प्रस्तुत गरिएको छ । तर यी सबै तब सम्भव छ, जब ती सावधानीमाथि पनि ध्यान दिनुपर्छ, जसमाथि अहिले अर्थशास्त्रीहरूले मात्र इशारा गरेका छन्। त्यो हो बढ्दो जनसङ्ख्यामाथि समुचित नियन्त्रण, संसाधनको दोहनको औचित्य–अनौचित्यमाथि विचारपूर्ण चिन्तन, एउटा निकै ठूलो आबादीको लागि साक्षरताको व्यवस्थाको निर्धारण एवं सुनियोजित प्रविधि बुद्धिजीवी समुदायको क्षमताको उचित उपयोगको व्यवस्थाको निर्माण।

मनुष्यले गलती गर्छ। तर भूल सुधार्नु पनि उसको एउटा सहज प्रवृत्ति हो । आगामी दिनमा भूल बुझ्न र सुधार्न अभियान चल्छ । यस कुरालाई भविष्यवेत्ताले भन्दैछन्, ग्रहगणितका ज्योतिषीले पनि यही भन्छन्। वैज्ञानिक (फ्युचरोलोजिस्ट) भन्दैछन् तथा कम्प्युटरसम्मले यस्तो सम्भावना दिँदैछ। आगामी दिनमा भोगवादी नास्तिकताका पक्षधर बुद्धिवादितालाई ती दिग्गजद्वारा विवश गरिनेछ, जुन यस्तै विपत्तिको समयमा अवतरित हुन्छन्।

# विश्व हिन्दू परिषद्को स्थापना दिवस र शोभायात्रा

प्रस, वीरगंज, १४ भदौ/

विश्व हिन्दू परिषद्ले ९७औं अन्तर्राष्ट्रिय स्थापना दिवसको अवसरमा शोभायात्रा निकालेको छ।



श्रीकृष्ण जन्माष्टमी र स्थापना दिवसको अवसरमा विश्व हिन्दू परिषद् पर्साले शोभायात्रा निकालेको हो । वीरगंज–८ गहवाबाट निकालेको शोभायात्रा नगरपरिक्रमा गर्दै गहवा मन्दिरस्थित कृष्ण मन्दिरमा पुगेर समापन भएको थियो।

सो कार्यक्रममा बोल्दै विश्व हिन्दू परिषद्का महासचिव जीतेन्द्रकुमार

(बाँकी अन्तिम पातामा)



तस्वीरः प्रतीक

## फरक समाचार

# महाभारत र १८ अङ्कको संयोग

हिजो कृष्णाष्टमी थियो। यस अवसरमा एउटा रोचक तथ्य प्रस्तुत गर्दैछौं। महाभारतकाल र भगवान् श्रीकृष्णबीच १८ अङ्कको गहिरो सम्बन्ध छ। कुनै बेला



हाम्रो सभ्यताको विकास परम उचाइमा पुगेको थियो । ज्ञान, विज्ञान, कला, साहित्य यस्तो कुनै क्षेत्र थिएन, जहाँ हामीले नयाँ नयाँ कीर्तिमान स्थापित गरेका थिएनौं। यद्यपि महाभारतको युद्ध त्यो मुख्य बिन्दु बन्यो, जहाँबाट हाम्रो सभ्यता छरिन थाल्यो। आज पनि महाभारतकालसँग सम्बन्धित यस्ता थुप्रै रहस्य लुकेका छन् ।

धेरैजसोले महाभारतमा १८ सङ्ख्याको निकै महत्त्व भएको बताएका छन् । महाभारत युद्धको अध्ययन गर्दा यो सङ्ख्या पटक–पटक आउने गर्छ ।

पूरै महाभारतको युद्धमा सङ्ख्या १८ को विशेष महत्त्व थियो । भगवान् कृष्णले अर्जुनलाई कुल १८ दिनसम्म गीताको ज्ञान दिएका थिए। महाभारतको पुस्तकमा कुल मिलाएर १८ अध्याय छन् । हिन्दू धर्मको महत्त्वपूर्ण पुस्तक गीतामा पनि तपाईंले १८ अध्याय नै पाउनुहुनेछ । यसको अलावा कौरव र पाण्डव सेनामा पनि कुल १८ अक्षोहिणी सेना थिए ।

विश्वविख्यात भारतीय गणितज्ञ एवं खगोलज्ञ आर्यभट्टका अनुसार महाभारत १८ फेब्रुअरी ३१०२ ईसापूर्वमा भएको थियो । महाभारत युद्ध गराउनेहरूमा मुख्यरूपले १८ सूत्रधार थिए। अन्त्यमा जब युद्ध समाप्त भयो, त्यस बेला केवल १८ जना योद्धा मात्र जीवित थिए। महाभारतको युद्ध कुल १८ दिनसम्म चलेको थियो। यसबीच श्रीकृष्णले १८ दिनसम्म गीताको ज्ञान अर्जुनलाई दिएका थिए। यसै कारण गीतामा पनि कुल १८ अध्याय छन्। अब प्रश्न उठ्छ, महाभारत युद्धमा पटक–पटक १८ अङ्क किन दोहोरिन्छ ? के यो संयोग हो वा यसको पछाडि कुनै रहस्य छ ।

धेरैजसोको भनाइ छ, सङ्ख्या १८ को पछाडि एउटा ठूलो रहस्य लुकेको छ। यद्यपि यसबारेमा कुनै रहस्योद्घाटन भएको छैन ।

# कोभिडविरुद्ध खोप लगाएका आमाको स्तनपानबाट बच्चाले एन्टिबडी पाउँछ

कोभिडविरुद्ध खोप लगाएका आमाबाट बच्चामा एन्टिबडी पुगिरहेको फ्लोरिडा युनिभर्सिटीका शोधकर्ताहरूले बताएका छन्। शोधकर्ताको भनाइ छ स्तनपानले आमाबाट बच्चामा पुग्ने एन्टिबडीले नवजात शिशुलाई कोरोनाबाट बचाउन सक्छ ।

ब्रेस्टफिडिङ जर्नलमा प्रकाशित शोध अनुसार खोपले आमा र शिशु दुवैलाई सुरक्षा दिन सक्छ। युनिभर्सिटीका एशोसिएट प्रोफेसर जोसेफ लारकिन भन्छन्, अनुसन्धानले खोप लगाएपछि स्तनपान गराउने आमाको दूधमा एन्टिबडी बढ्छ र दूधको माध्यमबाट शिशुमा सो एन्टिबडी पुग्ने गर्छ ।



शोधकर्ता जोसेफ भन्छन्, जब बच्चा जन्मिन्छन्, उनीहरूको प्रतिरक्षा प्रणाली पूर्णरूपले विकसित हुँदैन। सङ्क्रमणसँग लड्न गाऱ्हो हुन्छ। यस्तो समयमा केही खास प्रकारका खोपले परिणाम दिन गाऱ्हो हुन्छ। यस उमेरमा स्तनपानबाट बच्चाको इम्युनिटी बढाउने उत्कृष्ट विकल्प हुन सक्छ।

**शोधसँग सम्बन्धित तीनवटा कुराः** अमेरिकामा डिसेम्बर २०२० देखि मार्च २०२१ सम्म स्वास्थ्यकर्मीलाई फाइजर र मोडर्नाको खोप दिइएको थियो। यसमा २१ यस्ता महिला स्वास्थ्यकर्मी थिए, जसले आफ्नो बच्चालाई स्तनपान गराउँथिइन् र उनीहरूलाई कहिल्यै कोरोना भएको थिएन।

यी २१ जना आमाको दूध र रगतको तीनपटक नमूना लिइयो। खोपभन्दा पहिले, पहिलो खोप लिएपछि र दोस्रो खोप लिएपछि। सबैको रगत र दूधको नमूना जाँच गरिएको थियो।

जाँचमा दोस्रो खोपको मात्रा लिएका आमाको दूधमा सय गुनासम्म एन्टिबडी बनेको थियो। यी नमूनामा एन्टिबडीको स्तर ती व्यक्तिभन्दा पनि बढी थियो, जुन एकपटक सङ्क्रमित भइसकेका छन्।

**खोप लगाएपछि यी कुरामाथि ध्यान दिऔंः** स्तनपान बन्द गर्नुहुँदैन, दिनभरि ८ देखि १० गिलास पानी पिउनुपर्छ, हरियो तरकारी र मौसमी सेवन गर्नुपर्छ। ८ घण्टा निद्रा लिनुपर्छ।

**खोप लगाएपछि यी कुरा नगरौंः** मास्क र सामाजिक दूरी कायम गरौं। २/३ दिन कसरत नगरौं। अल्कोहलबाट टाढा बस्ने र निद्रा पूरा गर्ने।

मुम्बईको जसलोक हस्पिटल एन्ड इन्स्टिच्युटमा लेक्टेशन कन्सलटेन्ट डा मानसी शाह भन्छिन्, खोप लागेपछि यो पूर्णरूपले भन्न सकिंदैन कि तपाईं कोभिडबाट सुरक्षित हुनुहुन्छ, यसैले बाहिर निस्किंदा मास्क र सामाजिक दूरी पालन गर्नुपर्छ। खोप लगाएपछि तनावमा बस्नुहुँदैन र आठ घण्टा निद्रा पूरा गर्नुपर्छ। अल्कोहलले इम्युन रेस्पोन्स सुस्त गर्छ, यसको अलावा शरीरमा अल्कोहलको स्तर बढी भएपछि स्तनपानको माध्यमबाट बच्चामा पुगेर त्यसले नोक्सान गर्न सक्छ। जुन ठाउँमा खोप लागेको छ यदि त्यहाँ पीडा हुन्छ भने बरफ कपडामा बाँधेर सेक्न सकिन्छ। –प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# रकेट प्रहारबाट चार बालबालिकासहित छजनाको मृत्यु

बेइजिङ, १४ भदौ/सिन्ह्वा

अफगानिस्तानको राजधानी काबुलमा भएको एक रकेट आक्रमणमा परी चारजना बालबालिकासहित छजनाको ज्यान गएको छ।



रकेट प्रहारबाट क्षतिग्रस्त वाहन। तस्वीरः एएफपी

तालिबानहरूले सत्ता कब्जा गरेपछि केही दिन हिंसात्मक घटना नभएको अफगानिस्तानमा फेरि हिंसाका घटना हुन थालेका छन्।

आइतवार काबुल विमानस्थलमा प्रहार गरिएको भनिएको रकेट बस्तीमा परेको र बस्तीको एक घरमा रहेका एकै परिवारका ती व्यक्तिहरूको ज्यान गएको छ।

काबुल विमानस्थलमा अमेरिकी, बेलायती र अरू केही विदेशी विमानले आफ्ना नागरिकलाई स्वदेश फर्काइरहेका छन्। विमानस्थललाई नै लक्षित गरेर सो रकेट आक्रमण गरिएकामा सो रकेट बस्तीतर्फ पर्न गरेको बताइएको छ। पछिल्ला केही दिनमा काबुल विमानस्थलमा विस्फोट हुने गरेको छ।

हमिद कारजाई अन्तर्राष्ट्रिय विमानस्थलमा पश्चिम भागतर्फ स्थानीय समय अनुसार ४:५५ सो रकेट प्रहार भएको थियो। एक अमेरिकी ड्रोन शहरमा उडिरहेको देखा परेपछि उक्त हमला भएको प्रत्यक्षदर्शीहरूले बताएका छन्।

गत बिहीवार पनि विमानस्थलको पूर्वी गेटमा भएको आत्मघाती विष्फोटमा परी कम्तीमा १७० जना अफगान नागरिक र १३ जना अमेरिकी सैनिक मारिनुका साथै करीब २०० जना घाइते भएका थिए। उडानको पर्खाइमा रहेका ठूलो भीडबीचमा सो आक्रमण भएको थियो।

अफगानिस्तानमा यही अगस्त १५ तारिखका दिन तालिबान विद्रोहीहरूले केन्द्रीय राजधानी काबुल कब्जा गरेपछि हजारौं मानिसले अफगानिस्तान छाड्ने क्रम जारी रहेको छ। इस्लामिक स्टेट्स (आइएस)ले जिम्मेवारी लिएको यस आक्रमणमा परी मारिएकाहरू अधिकांश महिला र बालबालिका रहेका छन्।

**चीन र अमेरिकी विदेशमन्त्रीबीच फोनवार्ता**

बेइजिङ/सिन्ह्वा

चीन र अमेरिकी विदेशमन्त्रीबीच आइतवार फोनवार्ता भएको छ। चिनियाँ विदेशमन्त्री वाङ यी र अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनबीच फोनमा कुराकानी भएको चिनियाँ समाचार समिति सिन्ह्वाले जनाएको छ।

समाचार अनुसार उनीहरूबीचको फोनवार्ताका क्रममा चीन र अमेरिकाबीच द्विपक्षीय विविध विषयहरूमा कुराकानी भएको बताइएको छ।

यसका अतिरिक्त उनीहरूबीचमा अफगानिस्तानको अहिलेको अवस्थाका बारेमा पनि कुराकानी भएको बताइएको छ।

त्यस क्रममा उनीहरूबीचमा अफगानिस्तानमा अमेरिकीसहित नेटो सेनाको फिर्तीसँगै अफगानिस्तान अहिले निकै अप्ठ्यारो अवस्था रहेको विषयमा पनि कुराकानी भएको थियो।

अमेरिकी सेनाहरू त्यहाँबाट निस्किसकेपछि हालको अफगानिस्तानको अवस्था गम्भीर रहेको अमेरिकी विदेशमन्त्री ब्लिङ्केनले बताएका थिए।

साथै उनले अहिलेकै अवस्थामा अफगानिस्तानमा ठूलो सङ्ख्यामा रहेका विदेशी नागरिकलाई त्यहाँबाट उद्धार गर्नुपर्ने चुनौती बाँकी नै रहेको पनि बताए।

यस्तो अवस्थामा सबै विश्व समुदाय र संयुक्त राज्य अमेरिकासमेत अफगानिस्तानमा रहेका विदेशी नागरिकलाई त्यहाँबाट सकुशल उद्धारका लागि बोल्नुपर्ने पनि उनले बताए।

हाल अफगान नागरिकलाई उनीहरूको अवस्था तथा अधिकारका लागि विश्व समुदायले सहयोग गर्नुपर्नेमा पनि उनीहरूबीच कुराकानी भएको बताइएको छ।

आगामी दिनमा पनि अफगान नागरिकको सुरक्षाका साथै उनीहरूको उद्धार र सहयोगका लागि पनि विश्व समुदायले काम गर्नुपर्ने तथा आगामी दिनमा तालिबानहरूले के कस्तो नीति अखितयार गर्नेछन्, त्यसमा अफगानिस्तानको भविष्य निर्धारण हुने पनि उनीहरूबीच कुराकानी भएको सो समाचार समितिले जनाएको छ।

अफगानिस्तानमा अहिले पनि १० हजारजनाभन्दा बढी विदेशी आफ्नो देश फर्किनका लागि बसेका छन्। उनीहरूलाई सुरक्षितरूपमा आफ्नो देश फर्किने व्यवस्थाका लागि आवश्यक सहयोग गर्न विश्व समुदाय र संयुक्त राष्ट्रसङ्घले बोल्नुपर्ने अमेरिकी विदेशमन्त्री ब्लिङ्केनले बताए। रासस

# साउदीका विद्यार्थी फेरि विद्यालय जान थाले

रियाद, १४ भदौ/सिन्ह्वा

लामो समयदेखि विद्यालय जान नपाएका साउदी अरबका विद्यार्थीहरू आइतवारदेखि विद्यालय जान थालेका छन्।

अनलाइनमार्फत पढिरहेका विद्यार्थीहरू अहिले भने भौतिकरूपमैं विद्यालयमा उपस्थित भएर अध्ययन गर्न थालेका हुन्। योसँगै नयाँ शैक्षिकसत्रसमेत शुरू भएको जनाइएको छ।

गत १७ महीनादेखि घरमैं पढिरहेका ती विद्यार्थीहरूले विद्यालय गएर पढ्न पाएपछि खुशी व्यक्त गरेका छन्।

घरमैं बसेर अनलाइनमार्फत भइरहेको पढाइमा गुणस्तर नभएपछि र कोरोना भाइरसको महामारी पनि कम हुँदै गएपछि भौतिकरूपमैं अध्ययन अध्यापन शुरू गरिएको हो।

शैक्षिक अधिकारीहरूका अनुसार अहिले १२ वर्ष पूरा भएका वा सोभन्दा बढी उमेरका बालबालिकालाई मात्रै विद्यालय आउन दिने व्यवस्था गरिएको छ।

प्राथमिक विद्यालय तह र पूर्वप्राथमिक तहका विद्यार्थीहरूलाई भने अझै पनि विद्यालय आउन अनुमति दिइएको छैन।

"कोरोना भाइरसविरुद्धको खोपको पूर्ण मात्रा नलगाएको र १२ वर्षभन्दा कम उमेरका व्यक्तिहरूलाई विद्यालय अझै पनि खुला गरिएको छैन," एक अधिकारीले भने।

उनीहरूलाई नयाँ शैक्षिकसत्रमा पनि अनलाइनमार्फत नै अध्यापन गराइने अधिकारीहरूले जानकारी दिएका छन्। कतिपय विद्यालयमा भौतिक उपस्थितिमैं भइरहेका अध्ययन अध्यापन कार्यको उपशिक्षामन्त्री साद बिन साउद अल फहिदले स्थलगत अवलोकन पनि गरेका छन्।

उनीहरूको स्वास्थ्य सुरक्षाको सुनिश्चितता हुनेगरी उच्च सतर्कता अपनाउन उनले सबैलाई निर्देशन दिएका छन्।

"हामीले सबै विद्यालयलाई नजीकबाट नियालिरहेका छौं, विद्यार्थीहरूको सुरक्षाको अवस्था र विद्यालयको व्यवस्थापनका बारेमा हाम्रो चासो छ," उनले भने।

विद्यालयमा विद्यार्थीहरूको प्रवेश, बस्ने व्यवस्था, बाहिरिने व्यवस्थालगायतमा विशेष ध्यान दिन सरकारी अधिकारीहरूले आग्रह गरेका छन्।

विद्यालयका सबै गतिविधिमा सामाजिक दूरी कायम गर्न, मास्कको प्रयोग गर्न पनि विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूलाई विशेष सतर्क गराइएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – अतिथिआगमन | वृष – अन्नलाभ |
| मिथुन – खर्चवृद्धि | कर्कट – प्रसन्नता |
| सिंह – पदोन्नति | कन्या – ईश्वरभक्ति |
| तुला – कष्टानुभूति | वृश्चिक – नारीसुख |
| धनु – कडाश्रम | मकर – खिन्नता |
| कुम्भ – वाहनकष्ट | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## भारतमा थप ४२ हजार सङ्क्रमित

नयाँ दिल्ली, १४ भदौ/एएनआई

भारतमा थप झन्डै ४३ हजारजना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीहरूले सोमवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा ४२ हजार ९०९ जना नयाँ सङ्क्रमित भएका थिए। सोही अवधिमा ३८० जनाको मृत्यु भएको पनि केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

पछिल्लो २४ घण्टामा देशभरि सङ्क्रमितमध्ये केरलामा मात्रै २८ हजार ८३६ जना सङ्क्रमित भएको अधिकारीहरूले जनाएका छन्। सोही अवधिमा केरलामा ७५ जनाको मृत्यु भएको छ।

कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये अहिलेसम्म चार लाख ३८ लाख २१० जनाको मृत्यु भएको छ। रासस

# अमलेखगंजमा पथलैयाबाट पानी लाने प्रदेश सरकारको योजना

प्रस, जनकपुरधाम, १४ भदौ/

बाराको अमलेखगंजमा पानीको स्रोत बोरिङ गाड्न सम्भव नभएको प्रदेश २ को खानेपानी तथा ऊर्जा मन्त्रालयले



फेला नपरेपछि प्रदेश २ सरकारले पथलैयाबाट पिउने पानीको पाइपलाइन लाने योजना बनाएको छ।

पथलैयादेखि अमलेखगंजसम्म १० किलोमिटरको दूरीमा उत्तरतर्फ पर्छ। अमलेखगंजमा १५० फिटसम्म गहिरो खन्दा पनि पानीको सतह नभेटिएपछि जनाएको छ। मन्त्रालयले अमलेखगंजमा पानीको सम्भाव्यता अध्ययन गर्न ५० लाख रुपैयाँ निकासा गरी योजना अघि बढाएको थियो। उक्त योजना अनुसार भारतीय दक्ष प्राविधिकहरू सम्मिलित अध्ययन टोलीले अमलेखगंज क्षेत्रको लागि बाराकै पथलैयाबाट पिउने पानी लैजान सम्भव रहेको प्रतिवेदन प्रदेश सरकारलाई बुझाइएको थियो। सोहीअनुरूप योजना अघि बढेको प्रदेश २ का खानेपानी तथा ऊर्जामन्त्री ओमप्रकाश शर्माले बताएका छन्।

अमलेखगंजलाई पिउने पानीको लागि पथलैयामा बोरिङ गाडेर पाइपलाइनमार्फत लाने र सोको लागि दुई स्थानमा पम्पिङ स्टोरेज बनाउने योजना छ। पथलैयाभन्दा अमलेखगंजको सतह उच्च रहेकाले पथलैयामा निर्माण हुने टङ्कीको सतह पनि उच्च नै निर्माण गरिने भएको छ। करीब १५ करोड रुपैयाँको अनुमानित लागतमा निर्माण हुने खानेपानी योजनाको लागि मन्त्रालयले शुरूमा पाँच करोडको लगानीमा काम थाल्ने मन्त्री शर्माले बताएका छन्।

आफू मन्त्रीमा नियुक्त भएपछि अध्ययन प्रक्रिया अगाडि बढाएको अमलेखगंज खानेपानी योजनाले दुई महीनामा द्रुत गतिमा प्रगति गरिरहेको भन्दै उनले एक वर्षभित्र योजना सम्पन्न गर्ने लक्ष्य रहेको बताएका छन्।

# पछिल्लो वर्षाले थप सडकमा क्षति

काठमाडौं, १४ भदौ/रासस

केही दिनयता भइरहेको वर्षाका कारण देशभरका विभिन्न सडक अवरुद्ध भएका छन्। सडक विभागले अवरुद्ध भएका स्थानमा पहिरो हटाएर सडक चालू गर्न लागेको छ।

पूर्व–पश्चिम राजमार्ग परासी जिल्लामा तुरिया खोला पुल अवरुद्ध भएको छ। सोही राजमार्गको रूपन्देहीमा घोडाहा खोला पुल पहिरोकै कारण अवरुद्ध रहेको छ। सिद्धार्थ राजमार्गको स्याङ्जामा राम्दी र डुम्रेमा अवरुद्ध छ। पाँचखाल–मेलम्ची सडक सिन्धुपाल्चोक जिल्लाको रातो पहिरोमा अवरुद्ध छ।

पछिल्लोपटक सिद्धार्थ राजमार्ग सिद्धबाबा खण्डमा अवरुद्ध भएकामा अहिले एकातर्फबाट खुलिसकेको छ। भिट्ठामोड–जलेश्वर–बर्दिबास, खुर्कोट–मन्थली–तामाकोशी–सिङ्गटी–लामाबगर–लाप्चेबगर अवरुद्ध भएकामा अहिले एकातर्फबाट चालू भएको छ।

अहिलेको वर्षाले सबैभन्दा बढी क्षति सिद्धार्थ राजमार्ग र नारायणगढ–बुटवल सडकमा देखिएको विभागका सम्भार महाशाखा प्रमुख भीमार्जुन अधिकारीले बताए। पहिरोका कारण त्यहाँको डाइभर्सन बगाएको छ। आइतवार र सोमवार सो सडक भएर यात्रा गर्ने यात्रीले दुःख पाएको उनले बताए। यात्रीको चाप बढिरहेको सडक विभागले खुलाइसकेको छ।

बुटवल–नारायणगढ खण्डमा पर्ने तुरिया खोलाको पुल बगाएको भएपनि त्यसको विकल्प रहेको छ। पुल नै बगाएकामा बनाउन लामो समय लाग्ने भएपनि वैकल्पिक सडक हुँदा आवागमन




नरोकिने उनको भनाइ छ। केही दिनयताको बाढीका कारण अवरुद्ध भएको पृथ्वी राजमार्ग खुलाइसकिएको छ। आइतवार नागढुङ्गा सडक अवरुद्ध भएकामा अहिलेसम्म खुलिसकेको छ। वर्षाका कारण गत महीनामा अवरुद्ध सडकमा थप क्षति पुगेको छ। लमजुङको बेंसीशहरदेखि मनाङको चामेसम्मको सडक दुई महीनादेखि अवरुद्ध छ। पछिल्लो वर्षाले यहाँ थप पहिरो गएको उपमहानिर्देशक अधिकारीले बताए। उनले भने, "एकातिरबाट सडक खुलाउन लागिरहँदा पहिरोले थप अवरोध गरेको छ।"

यो वर्ष विगतका वर्षभन्दा पहिले वर्षा शुरू भएको थियो। जेठको दोस्रो सातादेखि शुरू भएको वर्षाले देशभरका सङ्घीय, प्रदेश र कतिपय स्थानीय सडक अवरुद्ध गरेको थियो। सङ्घीय सडक अवरुद्ध हुँदा सडक विभागले मातहतका कार्यालयमा रहेका जनशक्ति र उपकरणमार्फत खुलाउने गरेको छ।

सडक विभागले सकेसम्म चाँडो सडक खुलाउन लाग्ने गरेको उपमहानिर्देशक अधिकारीले बताए। विभागले सकेसम्म दुवैतर्फबाट सवारीसाधन चल्न सक्ने गरी पहिरो पन्छाउने गरेको छ। कतिपय स्थानमा सडक नै कटान भएकामा एकातर्फबाट मात्रै चालू गराइएको उनले बताए। विभागले क्षतिको अवस्था र सडकमा हुने सवारीसाधनको चापका आधारमा एकातर्फ मात्रै खुलाउने कि दुवैतर्फ खुलाउने भनी निर्णय गर्छ।

सडक नै भासिएको स्थानमा तत्काल दुवैतर्फ चल्न सक्ने बनाउनुभन्दा एकातर्फबाट मात्रै चलाउन उपयुक्त हुन्छ। ती सडकमा तत्काल एकातर्फबाट र वर्षा कम भएपछि तलबाट पर्खाल लगाएर दुवैतर्फ सडक चालू गरिन्छ। सवारी चाप भएका ठाउँमा भने क्षति भएपनि दुवैतर्फ चालू गर्नुपर्छ। पछिल्लो वर्षाले कुरिनटारनजीकै सडक अवरुद्ध गरेको थियो। उनले भने, "यो सडकमा चाप बढी भएकाले एकातर्फबाट खुलाएर हुँदैन र दुवैतर्फ खुलाइएको छ।"

यस वर्ष वर्षाका कारण सडक अवरुद्ध हुँदा झन्डै रु दुई अर्ब २५ करोड बराबरको क्षति भइसकेको अनुमान छ। निर्माणाधीन सडकमा क्षति हुँदा भने त्यसको मर्मतको खर्च निर्माण कम्पनीले नै गर्नुपर्छ। चिनियाँ कम्पनीमार्फत विस्तारको काम भइरहेको नारायणगढ–बुटवल सडक मर्मत कम्पनीले नै गर्नेछ।

विगतका वर्षभन्दा बढी वर्षा हुँदा अरू संरचनासँगै सडक र पुलमा बढी क्षति भएको विभागले जनाएको छ। वर्षाका कारण यो वर्ष २०१ वटा सडक अवरुद्ध भएकामा हाल १६ वटा सडक अवरुद्ध छन्। अवरुद्ध भएका सडकमध्ये ६८ वटा सडक दुवैतर्फबाट चालू, ११७ वटा सडक एकातर्फबाट चालू रहेको विभागले जनाएको छ।



कोभिशिल्डको पहिलो मात्रा लिएका ज्येष्ठ नागरिकहरूलाई वीरगंज महानगरमा १३ देखि १५ गतेसम्म कोभिशिल्डको दोस्रो मात्राको विकल्पमा अस्ट्राजेनिका खोप लिन वीरगंज–३ वडा समितिमा लामबद्ध ज्येष्ठ नागरिकहरू। तस्वीरः प्रतीक

# ३३ करोड रूपैयाँको तस्करीका सामान बरामद

राधेश्याम पटेल, परवानीपुर, १४ भदौ/

कोरोना महामारीको दोस्रो लहरको बेलामा पनि पर्सा जिल्लाका नेपाल–भारत सीमा क्षेत्रमा हुने तस्करीलाई लगाम लगाउन सकिएको छैन ।


तस्वीरः फाइल

एक वर्षमा करीब ३३ करोड ७० लाख २४ हजार मूल्यबराबरको सामग्री तस्करी भएको जिल्ला प्रहरी कार्याल्य पर्साको तथ्याङ्कले देखाएको छ ।

प्रहरीले बरामद गरेका सामानहरूमा लत्ताकपडा, किराना तथा खाद्यान्न, इलेक्ट्रोनिक्स तथा मोटर, मेशिनरी पार्टपुर्जा, विद्युतीय सामान, सवारीसाधन, केराउ, मरिच, डिजेल, रजनीगन्धालगायत रहेका छन् ।

पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार सबैभन्दा बढी दशैंतिहारतिर असोज र कात्तिकमा तस्करी भएको तथ्याङ्कले बताएको छ ।

तस्करीका सामान ठूलो परिमाणमा बरामद हुनुमा जनपद र सशस्त्र प्रहरीको सो अवधिमा प्रभावकारी निगरानी भएको उनको दाबी छ ।

गत आवको साउनमा ७४ लाख ९२ हजार, भदौमा १ करोड ६० लाख ९५ हजार, असोजमा ३ करोड ३३ लाख ७० हजार, कात्तिकमा १९ करोड ५८ लाख १६ हजार, मङ्सिरमा ६१ लाख ३८ हजार, पुसमा १ करोड ५९ लाख ६२ हजार, माघमा १ करोड ८६ लाख ३६ हजार, फागुनमा १ करोड ३२ लाख १६ हजार, चैतमा ६१ लाख ७१ हजार, वैशाखमा ६६ लाख ८६ हजार, जेठमा ६० लाख ६३ हजार र असारमा ९७ लाख १५ हजार मूल्यबराबरको तस्करीका सामान बरामद गरी वीरगंज भन्सारलगायत सम्बन्धित निकायमा आवश्यक कारबाईका लागि पठाइएको प्रनाउ खनालले बताए ।

उनका अनुसार १ लाख २० हजारको मरिच, १ करोड ४५ लाख ६६ हजारको केराउ, ९ करोड २ लाख ९४ हजारको अवैध सवारीसाधन, ३० लाख ४८ हजारको विद्युतीय सामान, ८ लाख ६६ हजारको इलेक्ट्रोनिक्स एवं मोटरपार्ट्स, १ करोड १८ लाख १५ हजारको लत्ताकपडा, १ करोड ४१ लाख ३० हजारको किराना तथा खाद्यान्न सामग्री र २० करोड ३ लाख ८१ हजारको अन्य सामान गरी कुल ३३ करोड ७० लाख २४ हजार मूल्यबराबरको तस्करीका सामान बरामद भएको हो ।

तस्करीका सामान बरामदको तथ्याङ्क हेर्दा साउनदेखि कात्तिकसम्म तस्करीका सामान बढी बरामद भएको छ भने पुसदेखि तस्करीका सामान कम बरामद भएको छ । तस्करी कम भएको हो कि प्रहरी तस्करी नियन्त्रणमा उदासीन बनेको हो, सम्बन्धित निकायले स्पष्ट पारेको छैन ।

## पुल बिग्रिएपछि यातायात अवरुद्ध

प्रस, सिम्रौनगढ, १४ भदौ/

बारा, पचरौता नगरपालिका–८ लङ्डाचोकनजीक रहेको हुलाकी राजमार्गको पुल बिग्रिएर यातायात अवरुद्ध भएको छ ।

सानो खोलामा रहेको हुलाकी सडकको पुल बिग्रिएर समस्या भएको स्थानीयले बताए ।

हिजो बेलुकीदेखि पुल बिग्रिएको र गाडी चल्न नसकेको इलाका प्रहरी कार्यालय, महेन्द्र आदर्शका प्रनानि प्रदीप भगतले बताए ।


तस्वीरः प्रतीक

## राजयोग सेवा केन्द्रद्वारा प्रवचन कार्यक्रम

प्रस, जीतपुर, १४ भदौ/

ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले जीतपुरसिमरा उपमहानगरपालिकामा प्रवचन कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा जीतपुरसिमरा उपमनपाका प्रमुख डा कृष्ण पौडेलले सुखशान्ति मानवजीवनमा अनिवार्य चाहिने बताए । उनले ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको सेवाबाट यस भेगका जनता लाभान्वित भएको बताए ।

कार्यक्रममा कृष्ण जन्माष्टमीको अवसरमा सतयुगी दुनियाँको चैतन्य झाँकी प्रदर्शन गरिएको थियो ।

ब्रह्माकुमारी रेणु दिदीको सभापतित्वमा भएको कार्यक्रममा राजयोगका प्रशिक्षक राजु घले, वडा सदस्य दुर्गा रिजाल, कृष्णावर्त सिंह, आफताब आलमलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा दुर्गा रिजाल, सञ्जय भाइ, बृजु भाइ, श्रवण भाइलगायतले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।




### विश्व हिन्दू परिषद्....

सिंहले शोभायात्रा हिन्दू धर्मावलम्बीहरूको लागि गर्वको विषय भएको बताए ।

उनले हिन्दू धर्मावलम्बीहरू विभिन्न जातजातिमा बाँडिए पनि एकापसमा मिलेर बस्नुपर्ने सुझाव दिए । उनले धर्म–संस्कृति जोगाउन सबै हिन्दूलाई एकजुट हुन आग्रह गरे ।

वडाध्यक्ष राजकिशोर साहको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला अध्यक्ष ओमप्रकाश साह, सचिव कृष्णमोहन सहाय, महानगर अध्यक्ष बृजेश मल्लिक, जिल्ला सदस्य मोहन पटेल, अजय सिंहलगायतको सहभागिता थियो ।

यसैबीच, विश्व हिन्दू परिषद् पर्सा कार्यालयको आज उद्घाटन भएको छ । गहवास्थित भीमसेन मन्दिरअगाडि स्थापना गरिएको कार्यालयको महासचिव सिंहले उद्घाटन गरेका थिए ।

# खेलकूदको संसार

## नकआउट फूटबलको उपाधि वनशक्तिलाई

प्रस, ठोरी, १४ भदौ/

अमृत युवा क्लब ठोरीले श्रीकृष्ण जन्माष्टमीको अवसरमा आयोजना गरेको नकआउट फूटबल प्रतियोगिताको उपाधि वनशक्ति युवा क्लब ठोरी–२ ले जितेको छ ।


तस्वीरः प्रतीक

ठोरी–२ सुन्दरबस्ती खेलमैदानमा सोमवार भएको फाइनल खेलमा वनशक्ति युवा क्लब ठोरी–२ ले निर्मल युवा समाज ठोरी–१ लाई शून्यका विरुद्ध एक गोलले पराजित गरेको थियो । मध्यान्तरपूर्व मन्दीप लामाले गरेको गोल निर्णायक साबित भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि वडाध्यक्ष किशोर तामाङले उपाधि विजेता वनशक्ति युवा क्लब ठोरी–२ लाई रु ३० हजार नगद, कप, मेडल, प्रमाणपत्र प्रदान गरेका थिए ।

यसैगरी, उपविजेता निर्मल समाज क्लबलाई रु १५ हजार नगद, कप, मेडल, प्रमाणपत्र प्रमुख अतिथि तामाङले वितरण गरेका थिए । सो अवसरमा उनले खेलाडीहरूले उत्कृष्ट खेल प्रदर्शन गरेको र आगामी दिनमा पनि यसैगरी खेलप्रति रुचि राख्न सुझाव दिए । वडा तह र गापाबाट खेलको लागि आवश्यक सहयोग गर्ने उनले आश्वासन दिए । फाइनल खेलको 'म्यान अफ दि म्याच' वनशक्ति युवा क्लबका लामा घोषित भए ।

यसैगरी, उत्कृष्ट गोलकीपर निर्मल समाज क्लबका सन्दीप तामाङ र सर्वाधिक गोलकर्ता श्री स्टार क्लबका निखिल तामाङलाई आयोजक कमिटीका अध्यक्ष यादवराज कुँवरले पुरस्कृत गरेका थिए ।

समापन कार्यक्रममा पूर्वखेलाडी तथा समाजसेवी महेन्द्र तिमल्सिना, नरबहादुर क्षत्रीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा प्रदीप शर्माले स्वागत र पत्रकार चिरञ्जीवी सापकोटाले सहजीकरण गरेका थिए ।

## मैत्रीपूर्ण फूटबल खेल्न भारतीय टोली काठमाडौंमा

काठमाडौं, १४ भदौ/रासस

नेपालसित मैत्रीपूर्ण फूटबल खेल्नका लागि भारतीय टोली सोमवार काठमाडौं आइपुगेको छ । भारतीय टोलीलाई अखिल नेपाल फूटबल सङ्घ (एन्फा) का उपाध्यक्ष शिक्षित पराजुलीलगायतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरे ।

मुख्य प्रशिक्षक इगोर स्टिमाकसहितको २५ सदस्यीय भारतीय टोली नेपालसित दुईवटा मैत्रीपूर्ण खेल खेल्न नेपाल आइपुगेको हो । नेपालले यही भदौ १७ र २० गते त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भारतसित मैत्रीपूर्ण खेल खेल्ने तय भएको छ । भारतीय टोलीमा अमरिन्दर सिंह, धीरज सिंह, गुरप्रीतसिंह सन्धु, प्रीतम कोतल, चिलेसना सिंह, मन्दरराओ देसाई, आकाश मिश्र, राहुल भेके, शुभाशिष बोस, सेरिटन फर्नान्डेज, ललेङ माबिआ, विपिन सिंह, अनिरुद्ध थापा, सहल अब्दुल सामद, ब्रान्डन फर्नान्डेज, लिस्टन कोलाको, यासिर मोहमद, ग्लान मार्टिन्स, सुरेश सिंह, जेक्सन सिंह, प्रोनय हल्दर, मनवीर सिंह, रहिम अली, सुनील क्षेत्री र फारूख चौधरी रहेका छन् ।

विमानस्थलमा पत्रकारहरूसित सङ्क्षिप्त कुरा गर्दै भारतीय टोलीका कप्तान सुनील क्षेत्रीले नेपाली टोली आफ्नो टोलीका लागि कठिन प्रतिद्वन्द्वी भएको प्रतिक्रिया दिए । उनले नेपाली टोलीलाई कमजोर आँक्न नमिल्ने बताए। लामो समयसम्म अभ्यास गर्न नपाएको उल्लेख गर्दै कप्तान क्षेत्रीले मैत्रीपूर्ण खेल अभ्यास गर्ने र आफ्नो खेलमा सुधार ल्याउने बताए । उनले मैत्रीपूर्ण खेल आयोजना गरेकामा एन्फा र नेपाल सरकारलाई धन्यवादसमेत दिए ।

नेपाली टोली भने हाल बन्द प्रशिक्षणका लागि कास्कीको पोखरामा रहेको छ । नेपाली टोलीमा किरणकुमार लिम्बू, विशाल श्रेष्ठ, दीप कार्की, विकेश कुथु, सुमन अर्याल, दिनेश राजवंशी, गौतम श्रेष्ठ, अनन्त तामाङ, सुरज जीउ ठकुरी, सुमन लामा, कमल थापामगर, नितिन थापा, तेज तामाङ, राजन गुरुङ, पूजन उपरकोटी, विशाल राई, सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुनील बल, मनीष डाँगी, अञ्जन विष्ट, आयुष घलान, नवयुग श्रेष्ठ र आशिष लामा रहेका छन् । नेपाली टोलीमा रोहित चन्द अनुपस्थित रहनेछन् । उनी हाल फूटबल खेल्ने सिलसिलामा इन्डोनेसियामा छन् ।

नेपाल र भारबीच हालसम्म १९ वटा खेलमा प्रतिस्पर्धा भएकामा भारतले १३ खेलमा जीत हासिल गरेको छ भने नेपाल दुई खेलमा मात्र विजयी भएको छ । दुवै देशले चार खेल बराबरी खेलेका छन् । भारतले नेपालको पोस्टमा ३३ गोल गरेको छ भने नेपालले भारतको पोस्टमा नौ गोल मात्र गर्न सकेको छ । विश्व फूटबल महासङ्घ (फिफा)को वरीयता अनुसार पुरुष फूटबल टोलीतर्फ भारत १०५औं तथा नेपाल १६८औं स्थानमा रहेका छन् ।

एन्फाका अनुसार भारतसितको मैत्रीपूर्ण खेलपछि नेपाली टोली दक्षिण एशियाली फूटबल प्रतियोगिता (साफ)को तयारी गर्न कतारको दोहा जानेछ । नेपाली टोली भदौ २५ गते दोहा प्रस्थान गर्ने तय भएको छ । नेपाली टोलीलाई हाल मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले प्रशिक्षण दिइरहेका छन् । साफ च्याम्पियनशिप आगामी असोज असोज १५ देखि ३० गतेसम्म मालद्विप्समा आयोजना हुँदैछ ।

